महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०८१/८२

साईपाल गाउँपालिका, बझाङ

८०७७०५०१३००

बझाङ

https://nams.oag.gov.np

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय

काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-७-१२

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,

साईपाल गाउँपालिका, बझाङ ,

बझाङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।०५। २८ मा छलफल पश्चात् तयार गरिएको पाना वाउन्न (५२) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा *आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन २०७६ को दफा ३७ (१)* बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७ (४)बमोजिम लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

राजेशकुमार पोखरेल

निर्देशक

बोधार्थ तथा कार्यार्थः

संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालय,सिंहदरबार, काठमाडौँ,

info@mofaga.gov.np

कोष तथा लेखा नियन्त्रक कार्यालय,बझाङ,

bajhang.dtco@fcgo.gov.np

परिचय

१ **परीचय**

(क) कार्यालय परिचय :- संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाइ प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा १४६७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा २६२५ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।११ देखि २०८२।५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.५१०२९७६१२।८९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११२७७५।-असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	राजस्व दाखिला	३७००
२	स्थानीय भत्ता	२५८२५
३	वैठक भत्ता	५5२५०
४	दोहोरीएको भ्रमण भत्ता	२८०००
जम्मा		११२७७५

२ वित्तिय विवरण

साईपाल गाउपालिका
आर्थिक वर्ष २०८१।८२
आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		१८८४३०१२.१६	**चालु खर्च**	**१२७७३००३८.३४**	**१२७७३००३८.३४**
१.संचित कोष	१०६२६५३२.०८		१. पालिका तर्फ	**७६६४५११३.२४**	
२.धरौटी	**८०८४२८०**		२. संघीय सशर्त	**५०५३४९२५.१०**	
३.कार्यसञ्चालन कोष	**१३२२००.०८**		३. संघीय विशेष	०	
४. अन्य कोष			४. प्रदेश सशर्त	**५५०००० **	
यस वर्षको आय			५. प्रदेश विशेष		
१.आन्तरिक आय	**८९८३६०**	८९८३६०	**पुँजीगत खर्च**		**८०७२८३२३**
२. वित्तीय हस्तान्तरण (संघ)		१७१९६१४३१.२	१. पालिका तर्फ	४७७६०४१२	
क) समानीकरण अनुदान	**६४४१५५२०**		२. संघीय सशर्त	**१००००००**	
ख) राजस्व बाँडफाँट	**५०५६१८७१.७६**		३. संघीय विशेष	०	
ग) सशर्त अनुदान	**५२१३३०००**		४. संघीय समपुरक	**४७८८४६०**	
घ) समपुरक अनुदान	**४८५१०३९.४६**		५. प्रदेश सशर्त	**१२४०००००**	
ङ) विशेष अनुदान		६. प्रदेश विशेष	**७२६७७१२**		
च) रोयल्टी			७. प्रदेश समपुरक	**७५११७३९**	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३०८४९२०३	क) सामाजिक सुरक्षा	१०७७६८६०	१०७७६८६०
क) समानीकरण अनुदान	३०३७०००		ख) घेरेलु तथा साना उद्योग प्रवदन	**२००००००**	**२००००००**
ख) राजस्व बाँडफाँट			ग) एकिकृत स्वास्थे पुर्वाधार कार्यकरम	**२२३०१०००**	**२२३०१०००**
ग) सशर्त अनुदान	१२९५००००		घ) उच्च पहाडि एवम हिमालि श्रेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यकरम	**६९८९१२३**	**६९८९१२३**
घ) समपुरक अनुदान	**७५११७३९**		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	**७३५०४६४**		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	५१५३७९९	५१५३७९९
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	**२००००००**	**२००००००**
४. अन्तर सरकारी अख्तियारी (संघ)			अन्य बिबिध कोषबाट भएको खर्च	५५५२७१.०३	५५५२७१.०३
क) सामाजिक सुरक्षा	**१०७७६८६०**	१०७७६८६०	गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) घेरेलु तथा साना उद्योग प्रवदन	**२००००००**	२००००००	अन्य सहयोगमा सञ्चालित योजना		
ग) एकिकृत स्वास्थे	**२२३०१०००**	२२३०१०००	अन्य खर्च भएमा		

पुर्वाधार कार्यकरम					
घ) उच्च पहाडि एवम हिमालि श्रेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यकरम	**६९८९१२३**	६९८९१२३			
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			**अनुदान फिर्ता**		**७४३४०६.३६**
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	**२६२९२२९**	२६२९२२९	क) सशर्त अनुदान	**५९८०७४.९०**	
८. कार्यसञ्चालन कोष आय	**२००००००**	२००००००	ख) विशेष अनुदान		
९. अन्य बिबिध कोषको आय	९१४५८५.८३	९१४५८५.८३	ग) समपुरक अनुदान	**६२५७९.४६**	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			**२. प्रदेश तर्फ**		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्यआय भएमा			ख) विशेष अनुदान	**८२७५२**	
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		१११८४९८३.४५
			१. संचित कोषको मौज्दात	५६२५२७३.४५	
			२. धरौटी	५५५९७१०	
			३. कार्यसञ्चालनकोष		
			४. अन्यकोष		
जम्मा	**२७०१६२८०४.२**	**२७०१६२८०४.2**	**जम्मा**	**२७०१६२८०४.२**	**२७०१६२८०४.२**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदनः**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को सुत्र अनुसार २७० ले देखाएको आय व्ययको विवरण र संघिय सरकार तथा प्रदेश सरकार तर्फको C-GAS मार्फत भएको आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

सैद्धान्तिक बेरूजु

४ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण रु.१,०७७,६,८६०।-,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.२,२३,०१,०००।-, उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रम रु.६९,८९,१२३।-र घरेलु तथा साना उद्योग प्रवर्धन रु.२०,००,०००।-गरी जम्मा रु.४,२०,६६,९८३।-एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **बैङ्क हिसाव विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाता	**स्रेस्ता अनुसार मौज्दात**	**बैङ्क स्टेटमेन्ट अनुसार मौज्दात**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	५०३०२५८.६०	५६२५२७३.४५	-५९५०१४.८५
चालु खर्च खाता	०	०	०.००
पुँजीगत खर्च खाता	०	०	०.००
विविध खर्च खाता	०	०	०.००
विपद व्यवस्थापन खाता	५१४८५.०८	०	५१४८५.०८
स्थानीय विभाज्य कोष	०	०	०.००
कर्मचारी कल्याण कोष खाता	०	०	०.००
धरौटी मौज्दात	५५२३७१०	५५५९७१०	-३६०००.००
ग१.१, आन्तरिक राजस्व खाता	०	०	०.००
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०.००
बैङ्क मौज्दात	**१०६०५४५३.६८**	**१११८४९८३.४५**	**-५७९५२९.७७**

पालिकाले बैंक हिसाब रकम यकिन गर्न प्रत्येक महिना म.ले.प.फा.नं.२१२ को ढाँचामा बैङ्क हिसाब मिलान विवरण तयार गरी खर्चको फाँटवारीसाथ समाबेश गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्तामा रु.१०६०५४५३।६८ र बैङ्क मौज्दातमा रु.१११८४९८३।४५ देखिएकोले रु.५७९५२९।७७ रकम फरक परेको छ।यसरी फरक परेको रकमको सम्वन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।९ मा रु.२२ करोड ८१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी प्रदान गरी स्वीकृत कार्यक्रम सम्पन्न हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट सीमा निर्धारण समिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सोही अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८,७३,४६७।९२ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।०८२ मा रु.८,९८,३६०।-अर्थात अनुमान भन्दा ४७.९५ प्रतिशत घटी आय प्राप्त गरेको छ । पालिकाले आम्दानीका अन्य स्रोतहरूको समेत पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१० **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.८९८३६०।-,गत बर्षको मौज्दात रु.१८८४३०१२।१६,वित्तीय हस्तान्तरण (संघ) बाट रु.१७१९६१४३१।२० वित्तीय हस्तान्तरण (प्रदेश)बाट रु.३०८४९२०३।-, अन्तर सरकारी अख्तियारी (संघ)बाट रु.४२०६६९८३।-, धरौटी आयबाट रु.२६२९२२९।-,कार्यसञ्चालन कोष आय रु.२००००००।-,र अन्य बिबिध कोषको आय रु.९१४५८५।८३ गरी जम्मा रु.२७०१६२८०४।२० आम्दानी भएकोमा चालु खर्चमा रु.१२७७३००३८।३४, पुँजीगत खर्चमा रु.८०७२८३२३।-, अन्तर सरकारी अख्तियारी (संघ)मा रु.४२०६६९८३।- धरौटी फिर्ता तथा सदर स्याहामा रु.५११५३७९९।-,कार्यसञ्चालन कोषबाट भएको खर्च रु.२००००००।-, अन्य बिबिध कोषबाट भएको खर्च रु.५५५२७१।०३ र अनुदान फिर्तामा रु. ७४३४०६।३६ गरी जम्मा रु.२५८९७७८२०।८० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५१०४५००।-खर्च भएको छ जुन खर्च आन्तरिक आयबाट १७.५९ प्रतिशत मात्रै रहेको देखिन्छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.२७ प्रतिशत चालु र २९.८८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सि.नं.	खर्च शिर्षक	२०८०।८१ को खर्च	२०८१।८२ को खर्च	वृद्धिको कारण
१	करारका कर्मचारीको खर्च	३८३३९७८	५९५३९२०	कर्मचारी थप भर्ना
२	वैंठक भत्ता	७२०५५०	६४४०००	
३	इन्धन	१२०००००	१४०००००	पालिकाको सडक सफाई गर्नु
४	मसलन्द	३१०००००	३५०००००	बिभिन्न शाखामा ब्यबस्थापन
५	विविध	२७०००००	२८०००००	पालिका स्तरमा शिबिर तथा घुम्ति शिबिर सञ्चालन हुनु

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	११००४०००	१०११५७९७	९१.९३
२	पूर्वाधार विकास	६५४२८०००	४८७०४६८९.	७४.४४
३	सामाजिक विकास	५७१०८०००	५३३६२९७६	९३.४४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२४६०९०००	२१११४८१०	८५.८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	८५२९१०००.००	७५१६००८९.३४	८८.१२

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ९३.४४ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटीमा ७४.४४ प्रतिशत रहेको छ । तोकिएअनुसारको लक्ष्य प्राप्तिको लागि पालिकाले पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले तथ्याङक तथा अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका सामान्य आधार र क्षेत्रगत आधारको व्यवस्था गरिएको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ९२ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	योजना	कुल योजना	रु.२० लाख माथिका योजना	रु.५ लाख देखि २० लाखसम्मका योजना	रु.५लाख भन्दा कमका योजना
१.	पालिकास्तरीय	३९	१२	१३	१४
२.	वडा स्तरीय	५३		११	४२
जम्मा		**९२**	**१२**	**२४**	**५६**

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९२ योजना कार्यान्वियन भएको देखियो । पालिकाले प्राथमिकताका आधारमा तय भएका योजनाहरुको कार्यान्वियन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण तथा अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१० लाख खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धृड वनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१५ **अबण्डा बजेट** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (२) बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४२८१०००।-अबण्डा बजेट व्यवस्था गरी ३४ योजनामा रु.८४८८०००।-

खर्च गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट खर्च गरी सभावाट अनुमोदन गरेको देखिन्छ। तसर्थ बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **आवधिक योजना-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने र कार्यान्वियन गर्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहको कार्य अझै चुस्त तथा तथ्याङ्कपरक हुनुपर्ने देखिन्छ ।

क्र.सं	**विवरण**	**संख्या**
१	जन्मदर्ता	१६१
२	मृत्युदर्ता	१०
३	बसाईसराई दर्ता	१६
४	विवाह दर्ता	१२
५	सम्बन्धविच्छेद दर्ता	०

सैद्धान्तिक बेरुजु

१८ **योजना तथा वजेट कार्यान्वियन -**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१० करोड ९४ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट १४ वटा योजनामा रु.२६ लाख ५५ हजार मिति २०८१।९।१६ मा रकमान्तर गरेको छ, उक्त रकम वजेट रकम रु.२४ करोड ३४ लाख ४० हजारको तुलनामा १.०६ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **प्रगति -**

आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम रहेकोमा ८०.७७% मात्रै प्रगती देखिएकोले कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष पूँजिगत खर्च	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
९२	८०७२८३२३	०	०	०	८०.७७ प्रतिशत

सैद्धान्तिक बेरुजु

२० **त्रैमासिक खर्चः**

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा २.१२ प्रतिशत, दोस्रो त्रैमासिकमा १४.७५ प्रतिशत, तेस्रो त्रैमासिकमा ३२ तथा चौथो त्रैमासिकमा ५१.१३ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ३१.९० प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ। **(रकम रु. हजारमा)**

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	८०७२८३२३	१७०९६९४	११९०३५६३	२५८४०२७७.५६	४१२७४७८८.४४	२५७५१७४७८०
कुल खर्चको तुलनामा प्रतिशत		**८०.८७**	**२.१२**	**१४.७५**	**३२**	**५१.१३**	**३१.९०**

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५१.१३ प्रतिशत तथा आषाढ महिनामा ३१.९० प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२१ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म वटा २० ऐन, ८ वटा नियमावली, १६ कार्यविधि, निर्देशिका ६ वटा, निती ६ वटा लगायतका ५६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोमा छ। तसर्थ आवश्यकताको आधारमा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गर्नुपर्नेमा पालिकाको वेवसाईटमा राखि कार्यान्वयनमा ल्याउने गरेको पाईएकोले ऐनले तोके अनुसार पुर्णरुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **पदाधिकारी सुविधा-**

सुदुरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३, ८, ९ ,१० ११,१२ र १३ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको छ । सोहि अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधामा रु.३ लाख ४८ हजार, टेलिफोन तथा मोवाइलमा रु.९ लाख १८ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेटमा रु.९ लाख ३० हजार, समन्वय र सहजिकरणमा १४ लाख

५२ हजार अतिथि सत्कारमा रु.६ लाख ४८ हजार, खानेपानी तथा मर्मतमा रु.५ लाख २२ हजार र चाड पर्व खर्चमा रु.२ लाख ८६ हजार खर्च भुक्तानी गरेको देखियो ।

सि.नं	विवरण	प्रमुख/	उपप्रमुख/	वडाअध्यक्ष 5 जना	कार्यपालिका सदस्य 6	सभाका सदस्य १५	जम्मा	
		अध्यक्ष	उपाध्यक्ष					
1	यातायात खर्च	१२००००	१०८०००	१२००००	०	०	३४८०००	
2	टेलिफोन,मोबाइल	७२०००	६००००	२१००००	२१६०००	३६००००	९१८०००	
3	पुस्तक,पत्रीका,	६००००	५४०००	२४००००	२१६०००	३६००००	९३००००	
	ईन्टरनेट							
4	समन्वय तथा सहजीकरण	१०८०००	८४०००	३६००००	३६००००	५४००००	१४५२०००	
5	अतिथि सत्कार	१२०००००	१०८०००	४२००००	०	०	६४८०००	
6	खानेपानी/बिजुली/	४२०००	३६०००	१२००००	१४४०००	१८००००	५२२०००	
	सरसफाई							
7	चाडपर्व खर्च	२५०००	२२५००	८००००	५४०००	१०५०००	२८६५००	
जम्मा		५४७०००	४७२५००	१५५००००	९९००००	१५४५०००	५१०४५००	

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरु सहित ९७ को लागि रु.२१,५३,५००।-आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको लेखापरीक्षण अवधीमा प्राप्त विवरण अनुसार दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । पालिकाले उक्त रिक्त रहेको दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ ।

वडा संख्या	**वडा सचिवको दरबन्दी**	**वडा सचिवको पदपूर्ति**	**रिक्त संख्या**
५	५	१	४

सैद्धान्तिक बेरुजु

२५ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरेको नदेखिएकोमा स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी करार नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो। करारमा स्वीकृत दरबन्दी बेगर कर्मचारी नियुक्त गरी रु.५५८२५९०।-भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

पदको नाम	स्वीकृत दरवन्दी	पदपूर्ति	दरबन्दी खाली	दरबन्दी भन्दा बढी पदपूर्ति	बढि खर्च
ज.स्वा.नि./अ.हे.व./सि.अ.हे.व	४	१२	०	८	२८१८०१०
सि.अ.न.मी./अ.न.मी.	२	८	०	६	२०३३७२०
ल्याव असिष्टेण्ट	०	२	०	२	७३०८६०
जम्मा					**५५८२५९०**

अनियमित भएको	५५,८२,५९०

२६ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३ वटा सहकारी संस्था रहेकोमा १ सहकारीको नविकरण भएको पाईएन। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधीसम्म गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **नवीकरण शुल्क-**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा सात वटा निर्माण व्यवसायी रहेकोमा इजाजत पत्र लिएका ३ वटानिर्माण व्यवसायीले हालसम्म नवीकरण गरेको पाइएन । कार्यविधि अनुसार तोकिएको अवधि पश्चात् नवीकरण गर्दा थप नवीकरण दस्तुर असुल हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **निःशुल्क उपचार सहायताः**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधी उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधीउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधी

उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २१ जनाको लागि रु.४,८०,०००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

सि.न.	रोगको नाम	जम्मा संख्या	रकम
१	hand facteuer	२	४००००
२	Ulcer	१	२००००
३	knee Facter	१	३००००
४	Clave Facter	१	२००००
५	Spinal Facter	१	५००००
६	Thyphoid	१	२००००
७	Falces Injurys	७	१३००००
८	Leg Facters	२	५००००
९	Hands Facters	२	४००००
१०	TB patient	२	३००००
११	leg Gangreenung	१	५००००
जम्मा		२१	४८००००

सैद्धान्तिक बेरुजु

३० **न्यानो झोला कार्यक्रम-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरमा १७ वटा मौज्दात रहेकोमा यस वर्ष १०० थान रु.९९८००।- मा खरिद गरेकोमा यस वर्ष ४१ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ७६ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या गत दुई वर्षको प्रसुति दरका आधार हेर्दा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **खरिद कारवाही अभिलेख :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग

सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३२ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **म.ले.प.फारामको प्रयोगः**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरेको छैन ।

- म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,
- म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
- म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **वन पैदावार आय असूल नभएकोः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्राधिकार भित्रको सामुदायिक वनको संख्या अद्यावधिक गरी वन पैदावारको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावारको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावारको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३५ **दैनिक भ्रमण भत्तामा मितव्ययिताः**

भ्रमण खर्च नियमावलीको नियम ४ क मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारि साधन प्रयोग गरि भ्रमण गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । पालिकाले गोश्वारा भौचर नं ३२९।०८१।०१।१५ मा पालिका उपाध्यक्ष डोल्मा तामाङलाई भ्रमण भत्ता भुक्तानी गर्दा पालिका देखि काठमाडौ र पालिका देखि महेन्द्रनगर जाँदा गाडि भाडा मात्र रु.६००००।-भुक्तानी गरेको छ । भ्रमण खर्च नियमावलीमा व्यवस्था भए बमोजिम भ्रमण कार्यलाई मितव्ययी तबरले खर्च गरेको नदेखिएको रकम नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	६०,०००

३६ **मर्मत आदेश वेगर खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी मालसामान मर्मत गर्दा मर्मत आदेश स्वीकृत गरी मर्मत गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मेशिनरी औजारको मर्मत वापतको रकम भुक्तानी गर्दा मर्मत आदेश स्वीकृत गरेर मात्र भुक्तानी दिनु पर्दछ ।यसका केही उदाहरण निम्म बमोजिम छन ।

गो.भौ. नं र मिति	मर्मत गरिएको सामग्री	रकम
५५।०८१।०७।२८	फोटोकपि मेशिन र इन्भटर मेशिन	१४०००
४२८।०८२।०३।१६	इलेक्ट्रोनिक सामान मर्मत	१८६००
जम्मा रकम		**३२६००**

सैद्धान्तिक बेरुजु

३७ **काजमा शिक्षकः-**

संघीय सरकारबाट हस्तान्तरण भएका शिक्षा क्षेत्रका कार्यक्रममा खर्च गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८१।८२ अनुसार खर्च गर्नुपर्ने देखिन्छ । पालिकाले कार्यालयमा शिक्षा शाखामा दरवन्दी अनुसारको पदपूर्ति नभएको जनाई विद्यालयको शिक्षकलाई काजमा राखेको पाईयो । यसरी दरबन्दीको शिक्षकलाई कार्यालयमा काजमा खटाई निजको स्थानमा अर्को शिक्षक राख्नुपर्दा दोहोरो भार पर्ने तथा शिक्षकलाई कामकाजमा राख्दा कार्यदक्षता एवं पारदर्शितामा समेत गुञ्जायस रहने हुँदा दरवन्दी पदपूर्ति गरी विद्यालय शिक्षकलाई सम्वन्धित विद्यालयको अध्यापनमा केन्द्रित हुने वातावरण वनाउनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखीन्छ ।

सैद्धान्तिक बेरुजु

३८ **विपन्न लक्षित छात्रवृत्तिः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशन भएको सूचना बमोजिम सामुदायिक विद्यालयमा कक्षा ६-१२ अध्ययनरत विद्यार्थीहरूलाई विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८१ बमोजिम EMIS मा तोकिए बमोजिम PMT फारम भर्न लगाई छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको बैङ्क खातामा रकम दिनुपर्ने उल्लेख छ । पालिकाले सो वजेटवाट तोकिएको विद्यार्थिलाई मात्रै रकम भुक्तानी दिनुपर्नेमा गो.भौ.१७५।०८२।३।२५ बाट रु.१००००।-प्रेम बोहरा, साईपाल-१ लाई आर्थिक सहायता जनाई खर्च लेखेको छ । यसरी पालिकाको चालु शिर्षकबाट भुक्तानी हुने रकम संघिय शशर्त वजेटबाट खर्च गरेको पाईएकोले यस्तो रकम संघिय संचित कोष फिर्ता जानुपर्ने देखिन्छ, रु.

प्रमाण पेश नगरेको	१०,०००

३९ **विपदको समयमा सिकाई निरन्तरताः**

कार्यक्रम कार्यान्वियन कार्यविधी, ०८१।८२ को क्रियाकलाप नं.२.७.१३.३०४ मा कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning - ReAL) Plan) स्वीकृत भएकोले सो योजनाको कार्यान्वियनका लागि निदानात्मक परीक्षण साधन (Dignostic Tools), शिक्षक तालिम सामग्री, कार्यक्रम कार्यान्वियन सहजीकरण कार्यविधि स्वीकृत भएको तथा Online Media platform विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखीएको छ। उक्त समग्रीको कार्यान्वियनका लागि स्थानीय तहमा उपलब्ध बजेटलाई स्थानीयमा सञ्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा बजेट छुट्याई बाँकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सञ्चालन पहिलो र अन्तिम, सिकाइ आपूरण र द्रुत सिकाइका कार्यक्रम सञ्चालनको बजेट बाँडफाँडसहित कार्यक्रम कार्यान्वियनको आधार समेत विद्यालयलाई उपलब्ध गराउने उल्लेख छ । पालिकाले देहायको भौचरहरूमा निम्नानुसारको कार्य गरेको देखिएकोमा कार्यविधीले उल्लेख गरेको बिषयभन्दा फरक कार्य गरी रु.६८३२७९।-खर्च गरेको पाईयो । यसरी कार्यविधीले उल्लेख गरेको बिषयभन्दा फरक कार्य गरी खर्च गर्दा तोकिएको लक्ष्य पुरा नहुने देखिन्छ । अतः कार्यविधी विपरीतको यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

क्र.सं	गो.भौ.	कार्यक्रम	फर्म संस्था	रकम
१	१४८।०८२।३।२३	शौचालय निर्माण	सुर्मादेवी आ.वि.	४२२७९
२	१६१।०८२।३।२३	कार्पेट, कुर्चि, कुसन खरीद	बझाङ्ग ट्रेड एण्ड सप्लायर्स	६४००००
जम्मा				६८३२७९

अनियमित भएको	६,८३,२७९

४० **किसान सूचिकरणः**

४०.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३३(१) मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वियन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नु पर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक केन्द्रीय निकायमा लेखी पठाउन पर्नेछ। त्यसरी लेखी पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकूल हुने गरी पठाउनुपर्ने व्यवस्था छ । कार्यालयलाई किसान सूचीकरणको लागि रु.२ लाख रकम विनियोजन भएकोमा सो रकमबाट संघीय सहमति नलिई कार्यालयले गो.भौ.१६१।०८२।३।२४ बाट रु.४०,०००।-केउडी बोहोरालाई आर्थिक सहयोग दिएको जनाई देवेन्द्र धामीको खातामा रकम जम्मा गरेको तथा गो.भौ.१७४।०८२।३।२५ बाट रु.८०,०००।-ढुवानीको भुक्तानी गरेको जनाई समिष कुमार वोहोरालाई भुक्तानी खर्च गरेको सहित रु.१,२०,०००।-खर्च गरेको पाईयो । संघिय शशर्त अनुदानबाट प्राप्त रकम आर्थिक सहायता लगायत शर्त विपरितको कार्यमा खर्च गरेको रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,२०,०००

४०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले गरीवि निवारणको लागि लघु ऊद्यम कार्यक्रमको लागि विभिन्न १० किसिमको तरकारी खेतीको लागि विऊ खरीद गरी गो.भौ.१५५।०८२।३।२४ बाट रु.२४००००।-सन्तोष सिंह डडालको नामको पेश्कि फछ्यौंट गरेको छ । तर सोको विल भरपाई परीक्षण गर्दा खरीदको लागि लागत अनुमान तयार गरेको छैन भने विजक पेश भएकोमा कुनै पनि तरकारीको ईकाई खुलेको छैन एवं रकम अस्वाभाविक रूपमा बढी देखिन्छ । सो विउहरू खरीद गर्ने निर्णय २०८१।१२।१२ मा मात्र भएकोमा २०८१।१२।११ मा नै सामान खरीद गरेको विल पेश भएको छ भने खरीद भन्दा अगावै २०८१।११।२५ मा वितरण गरेको भरपाई पेश हुन आएको छ । यसरी खरीद गर्ने निर्णय भन्दा अगावै खरीद भएको तथा खरीद हुनुपूर्व नै वितरण भएको भरपाई पेश हुनुले खरीद प्रकृया तथा वितरण प्रणाली नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	२,४०,०००

४१ **मेला तथा पर्व खर्चः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा २६ खर्चको कार्यविधि र मापदण्डको उपदफा २ मा सरकारी रकम गर्दा गर्दा अधिकतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुनेगरि मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै स्थानीय तहले कार्यक्रम छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । पालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित

विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा देहायलगायतका वितरणमुखी कार्यक्रमहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी कार्यले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने नदेखिने हुँदा यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गोश्चारा भौचर नं	कार्यक्रम	रकम
५५९।०८५।०३।२५	वडा नं १ तिज कार्यक्रम	४०३८५
३९०।०८२।०१।११	तिज कार्यक्रम	४७५००
३९४।०८२।०१।११	वडा नं ५ तिज कार्यक्रम	२५०००
४७५।०८२।०३।२०	वडा नं ३ तिज कार्यक्रम	४५५००
५२८।०८२।०३।२३	वडा नं ४ तिज कार्यक्रम	४५५००
५४३।०८२।०३।२४	वडा नं २ तिज कार्यक्रम	४५५००

सैद्धान्तिक बेरुजु

४२ **दैनिक भ्रमण भत्तामा नर्म्स भन्दा बढी गाडि भाडा भुक्तानी–**

भ्रमण खर्च नियमावलीको नियम ४ क मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायति र कम खर्चिलो बाटो वा सवारि साधन प्रयोग गरि भ्रमण गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । पालिकालेगोश्वारा भौचर नं ३४८।०८२।०१।१७ बाट इन्जिनियर सुशिल बोहोरालाई मिति ०८१।१२।२८ देखि ०८१।१२।३१ सम्म दैनिक भ्रमण भत्ता लिई धनगढी जाँदा जिप रिजर्ब वापत रु.२२०००।-भुक्तानी गरेकोले निजले पाउने गाडि भाडा रकम रु.२४००।-कट्टा गरि बांकि रकम निजबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२१,६००

४३ **कृषि कार्यक्रमः**

४३.१ लागत सहभागितामा आधारित कृषि कार्यक्रम अन्तरगत पालिकाले विभिन्न कृषकहरुलाइ प्लाष्टिक टनेल र प्लाष्टिक सिट उपलव्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन। कृषकहरुका लागी गाउँपालिकावाट संचालन हुने कृषि कार्यक्रममा ७५ प्रतिशत अनुदान दिने र कृषकहरुलाइ २५ प्रतिशत लगानी गर्ने निर्णय भएकोमा पालिकावाट प्लाष्टिक टनेल अनुदान उपलव्ध गराएकोमा विल अनुसार रु.१०८००००।-को ७५ प्रतिशतले हुने रु.८,१०,०००।-मात्र अनुदान उपलव्ध गराउनु पर्ने देखिन्छ । तर पालिकाले शत प्रतिशत नै पालिका योगदानबाट रु.१०,८०,०००।-अनुदान उपलव्ध गराएकोले उपभोक्ताको योगदान भएको देखिएन । अतः ऊक्त रकम रु.२७००००।-सम्वन्धित कृषकहरूबाट यकिन गरी पालिकाले असूल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	२,७०,०००

४३.२ यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार समावेश गरिएको छ।

-टनेल वितरण गर्दा आवश्यकताको पहिचान नगरी वितरण गरेको देखियो।

-प्लाष्टिक टनेल वितरण गरिदा कृषकहरुको जग्गाको क्षेत्रफल विरुवा लगाउन सक्ने क्षमताको विचार नै नगरी अनुदान उपलव्ध गराएकोले सहि कृषकहरुको छनौट नगरी अनुदान उपलव्ध गराएकोले अनुदान रकमको सहि उपयोग भएको छ भन्ने अवस्था रहेन।

-उक्त कार्यमा अनुदान सामग्रि वितरण गरेको मा अनुगमन प्रतिवेदन पेश हुन आएन।

सैद्धान्तिक बेरुजु

४४ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमः**

४४.१

आर्थिक वर्ष २०७८।०७९ मा १० शैया अस्पताल भवन निर्माणका लागि लागत अनुमान रु.२१,७५,३७,४९६।३० भएको मिति २०७९।२।२० मा सम्झौता भइ सम्झौता रकम रु.२१,००,३५,९८६।४९ (मुअकर समेत) भुक्तानी गर्ने गरी सम्झौता भएकोमा मिति २०८२।३।३० सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएको छ।सो सम्झौता अनुरुप आर्थिक वर्ष २०८१।०८२ मा आठौ रनिङ विलवाट रु.२,२३,०२,९९४।०८ भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएका छन।

सैद्धान्तिक बेरुजु

४४.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) ख अनुसार प्राविधिक नापजाँच गरी नापी किताव मेजरमेन्ट वुकमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा विल वा विजकको भुक्तानी गर्नु पर्दछ।पालिकाले १० शैया अस्पताल भवन निर्माणका लागी निर्माण व्यावसायी टिडिआर जुगल जेभि वनेपा ५ लाई रकम भुक्तानी गरेकोमा इलेक्ट्रिकको काम आइटम न. ५ मा प्राविधिक नापजाँच वेगर नापी कितावमा समेत समावेश नगरी भुक्तानी दिएको देखिएको रु.

प्रमाण पेश नगरेको	४३,९४,३०८

४४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक २० लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायिले निर्माण सामग्रि प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको विमा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले उक्त प्रावधान विपरित वीमा गराएको पाइएन। पालिकाले सम्झौता वमोजिमको कार्य थप श्रोत साधन परिचालन गर्न लगाइ छिटो सम्पन्न गर्नेतर्फ समेत ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४.४ मुल्यअभिवृद्धि कर ऐन, २०५२को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिवृद्धिकरको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा विवरण विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिका वाट देहायका फर्मलाइ मुअकर रु.३४२६५०६।१५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधी सम्म पनि ती फर्महरु कर विवरण नवुझाइ ननफाइलर रहेकोले कर समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

गोभौ न मिति	वउशिन	योजना कार्यक्रम	फर्मको नाम	विजक रकम	मुअकर
१।२०८१।९।३	३७००००११६४	१० वेड हस्पीटल निर्माण	टिडिआर जुगल जेभि (६१९०६४८५७)	१९७३७१६२.९०	२५६५८३१
३१।२०८२।२।१	गापा शसर्त चालु	गापाभवनको फिल्ड तथा घेरवार निर्माण	पिटिमिलन जेभि (६२१५६४९९६)	६६२०५७८.००	८६०६७५.१५
जम्मा					**३४२६५०६.१५**

सैद्धान्तिक बेरुजु

४४.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) अनुसार ऐनको दफा ५६ वमोजिमको अवस्था परि खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौताको अवधी भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यावसायी आपुर्ति कर्ता सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजाद संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निवेदन दिनु पर्ने व्यवस्था छ। निर्माण व्यावसायिले ढिलाइगरी कार्य सम्पन्न नगरेको अवस्थामा म्याद थपका लागी निवेदन दिएको देखिएन।

सैद्धान्तिक बेरुजु

४५ **प्रशासकिय भवनको फिल्ड तथा घेरवारः**

४५.१ साइपाल गापा भवनको फिल्ड तथा घेरवार निर्माणका लागि लागत अनुमान १,९०,७०,६५५।२१ भएको मिति २०८१।३।२३ मा सम्झौता भइ सम्झौता रकम रु.८७,४०,२६४।२४ (मुअकर समेत) भुक्तानी गर्ने गरी पिटि मिलन जे.भी.सँग मिति २०८२।६।४ सम्ममा सम्पन्न गर्ने गरी सम्झौता भएको छ। सो सम्झौता अनुरुप आर्थिक वर्ष २०८१।०८२ मा आठौ रनिङ विलवाट रु.७५,०१,२५३।१४ भुक्तानी भएकोमा निम्न व्यहोरा देखिएका छन।

सैद्धान्तिक बेरुजु

४५.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक २० लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायिले निर्माण सामग्रि प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको विमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले उक्त प्रावधान विपरित वीमा गराएको पाइएन।

सैद्धान्तिक बेरुजु

४५.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक उपनियम ११ वमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति(वारेन्टी)को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायविलिटिज) को अवधि भन्दा कम्तिमा १ महिना वढीको अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले प्रशासकिय भवनको फिल्ड तथा घेरवार निर्माणका लागी रु.१,९०,७०,६५५।२१ लागत अनुमान रहेको योजनाको वोलपत्रको माध्यमवाट पिटिमिलन जेभि (मु.अ.क.द.न.६२१५६४९९६)सँग रु.८७,४०,२६४।२४ मा सम्झौता भएकोमा रु.७५,०१,२५३।१४ को प्राविधिक मूल्याङ्कन पेश भइ मिति २०८२।२।१४ सम्मको कार्यसम्पादन जमानत पेश भएकोमा सोको त्रुटि सच्याउने अवधि २०८२।७।४ सम्मको कार्यसम्पादन जमानत पेश हुनु पर्नेमा ५ महिना घटिको रु.३८,३७,०००।-को कार्यसम्पादन जमानत पेश भएकोले उक्त तोकिएको अवधि सम्मको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	३८,३७,०००

४६ **जाडालेक काँढा धुली सडक निर्माण(ठेक्का नं-१)**

४६.१ पालिकाले संघिय समपुरक वजेटबाट जाडालेक काँढा धुली सडक खण्डको चेनेज ३७६० मी. देखि ५६०० मी.सम्मको वाटो कटिङ्ग कार्यगर्ने गरी रु.१,८३,५१,६०५।५१ (मू.अ.कर र पि.एस.सहित)को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले सो निर्माण कार्यको लागि २०८१।१०।८ मा ठेक्का नं NCB/SRM/०१/०८१/८२ बाट सूचना आव्हान गरेकोमा पर्न आएका आठ फर्म मध्ये ४५.६९% कम कवोल रु.४३,४०,०००।२५(मू.अ.कर र पि.एस.वाहेक) गर्ने फर्म तामाङ्ग निर्माण सेवाको प्रस्तावलाई पालिकाले स्विकार गरी २०८२।३।१५ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८१।११।२५ मा रु.९३,२८,९२२।९२ को सम्झौता भएको देखियो । सम्झौता अनुसारको कार्यसम्पन्न भएको जनाई निर्माण व्यवसायीले दिएको निवेदन अनुसार प्रथम रनिङ्ग विलको भुक्तानी संघ शशर्तबाट गो.भौ. १०।०८२।१।१६ बाट रु.३४,६७,१३५।-,पालिकाबाट गो.भौ. १२२।०८२।१।१६ बाट रु.३४,६७,१३५।-र दोस्रो विलको भुक्तानी संघ शशर्तबाट गो.भौ. १३।०८२।२।२६ बाट रु.१२,१२,३२५।-, पालिकाबाट गो.भौ. १५५।०८२।२।२६ बाट रु.१२,१२,३२५।-दिएको पाईयो । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

सैद्धान्तिक बेरुजु

४६.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्दा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा (४) बमोजिम त्रुटि सच्चाउने दायीत्वको अवधीभन्दा कम्तीमा एक महिना बढीको वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले रु.३५,८८,०००।-को २०८३।४।१५ सम्मको कार्यसम्पादन जमानत पेश गरे

पश्चात मात्र खरिद सम्झौता हुनुपर्नेमा रा.वा.वैकबाट जारी भएको २०८३।१।३० सम्मको पेश गरेको आधारमा पालिकाले सम्झौता गरेको छ । पालिकाले यसरी नियमले तोकेको अवधिको कार्यसम्पादन जमानत नलिई सम्झौता गरेकोले खरिद कार्यको बमोजिम त्रुटि सच्चाउने दायित्वको अवधी सुनिश्चित देखिदैन । अतः नियमानुसार रु.३५,८८,०००।-को २०८३।४।१५ सम्मको कार्यसम्पादन जमानतको म्याद थपको प्रमाण पेश हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	३५,८८,०००

४६.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने तथा नियम १२३ मा नापजाँच गरी सम्झौताको शर्त अनुसार विल विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखीत वमोजिमको ठेक्कामा पि.एस.आईटममा विमाको प्रावधान रु.४५०००।-तथा होडिङ्ग वोर्डको रु.४०००।-राखेकोमा विमाको विल रु.१४,०२०।-को पेश भएको तथा होडिङ्ग वोर्डको विल पेश नभएकोमा समेत शतप्रतिशत रकम रु.४८,०००।-नै प्रथम विल गो.भौ. १०।०८२।१।१६ बाट भुक्तानी दिएकोले रु.३४,९८०।-बढी भुक्तानी दिएको पाईयो । यसरी बढी भुक्तानी दिई व्ययभार बढेको रकम सम्वन्धीत निर्माण व्यवसायीबाट असूल हुनुपर्दछ, रु.

असुल गर्नुपर्ने	३४,९८०

४६.४ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ख (५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । यस पालिकाको उल्लेखित योजनाको अन्तिम मूल्याङ्कन रु.९३,५८,९२२।९२ गरी कार्यस्विकार पत्रको आधारमा भुक्तानी दिएकोमा सो योजनाको अनुगमन प्रतिवेदन पेश हुन आएन । यसरी अनुगमन प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्न भए नभएको सम्वन्धमा विश्वस्त हुन सकिएन । अतः सोको प्रमाण पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **जाडालेक काँढा धुली सडक निर्माण(ठेक्का नं-६)**

४७.१ पालिकाले प्रदेश समपुरक वजेटबाट जाडालेक काँढा धुली सडक खण्डको चेनेज ६५०० मी. देखि ७५०० मी.सम्मको वाटो कटिङ्ग कार्यगर्ने गरी रु.७२,४५,९८२।४६ (मू.अ.कर र पि.एस.सहित)को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले सो निर्माण कार्यको लागि २०८०।१२।२० मा ठेक्का नं NCB/SRM/६/०८१/८२ बाट सूचना आव्हान गरेकोमा पर्न आएका चार फर्म मध्ये ४७.५५% कम कवोल रु.३३,६६,५८०।-(मू.अ.कर र पि.एस.वाहेक) गर्ने फर्म तामाङ्ग निर्माण सेवाको प्रस्तावलाई पालिकाले स्विकार गरी २०८२।३।२० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८२।२।१५ मा रु.३८,५९,२३५।४० को सम्झौता भएको देखियो । सम्झौता अनुसारको कार्य २०८२।३।१७ मा सम्पन्न भएको जनाई निर्माण व्यवसायीले दिएको निवेदन अनुसार प्रथम तथा अन्तिम रनिङ्ग विलको भुक्तानी प्रदेश शशर्तबाट गो.भौ. ४७।०८२।३।२० बाट रु.१९,२९,६१७।-भुक्तानी दिएको पाईयो । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

सैद्धान्तिक बेरुजु

४७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्दा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा (४) बमोजिम त्रुटि सच्चाउने दायीत्वको अवधीभन्दा कम्तीमा एक महिना बढीको वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले रु.१३४२८९८।-को २०८३।४।२० सम्मको कार्यसम्पादन जमानत पेश गरे पश्चात मात्र खरीद सम्झौता हुनुपर्नेमा रा.वा.वैकबाट जारी भएको २०८३।३।१० सम्मको पेश गरेको आधारमा पालिकाले सम्झौता

गरेको छ । पालिकाले यसरी नियमले तोकेको अवधिको कार्यसम्पादन जमानत नलिई सम्झौता गरेकोले खरीद कार्यको बमोजिम त्रुटि सच्चाउने दायीत्वको अवधी सुनिश्चित देखिदैन । अतः नियमानुसार रु.१३४२८९८।-को २०८३।४।२० सम्मको कार्यसम्पादन जमानतको म्याद थपको प्रमाण पेश हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	१३,४२,८९८

४७.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने तथा नियम १२३ मा नापजाँच गरी सम्झौताको शर्त अनुसार विल विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखीत वमोजिमको ठेक्कामा पि.एस.आईटममा विमाको प्रावधान रु.५५०००।-राखेकोमा विमाको विल रु.१२०२०।-को पेश भएको समेत शतप्रतिशत रकम रु.५५०००।-नै प्रथम विल गो.भौ. ४७।०८२।३।२० बाट भुक्तानी दिएकोले रु.४२९८०।-बढी भुक्तानी दिएको पाईयो । यसरी बढी भुक्तानी दिई व्ययभार परेको रकम सम्वन्धीत निर्माण व्यवसायीबाट असूल हुनुपर्दछ, रु.

असुल गर्नुपर्ने	४२,९८०

४७.४ समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा १० मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्ने र खर्च समेत समान पचास प्रतिशतको दरले हुने उल्लेख छ। 'सो अवधिभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो आयोजनाको लागि प्रदेश समानिकरण वजेटबाट यसबर्ष गो.भौ. ४७।०८२।३।२० बाट रु.१९२९६१७।-भुक्तानी दिएको पाईएकोमा पालिकाको वजेट विनियोजन गर्न छुट भएको जनाई पेश भएको विल अनुसारको खर्च गरेको पाईएन । अतः पालिकाले भुक्तानी दिन वाँकि रकमको आन्तरीक स्रोतबाट योगदान हुने रकम रु.१९२९६१७।-सो योजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	१९,२९,६१७

४८ धुली आधारभूत स्वास्थ्य चौकि भवन निर्माणः

४८.१ सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिसँग भएको खरिद सम्झौता अनुसारको कार्यको नापि गरी सोको आधारमा आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले धुली आधारभूत स्वास्थ्य चौकिको भवन निर्माणको लागि रु.१६६०४९८।१५ को लागत अनुमान तयार गरी २०८२।२।१० मा उपभोक्ता समितिसँग सम्झौता गरेको पाईयो । उपभोक्ता समितिले २०८२।९।९ मा कार्यसम्पन्न गरेको जनाई रु.१५८५४९८।१५ को अन्तिम विल पेश गरेकोमा पालिकाले गो.भौ.५२।०८२।३।२३ बाट रु.१४२५०००।-भुक्तानी गरेको छ । सोको विल भरपाई परीक्षण गर्दा BOQ को आईटम नं. मा २ मा कोलमको उचाई ३.१ मी. नापी गरी ६.९३ घ.मी.को भुक्तानी दिएकोमा सो कोलमको वास्तविक उचाई २.८५ मी. हुने र सोको ६.६६ घ.मी. कार्य भएको देखिन्छ । पालिकाले यसरी वास्तविक भएको कार्य भन्दा ०.२७ घ.मी.बढीको नापी गरी प्रति ईकाई दर रु.३९१३५।८३ का दरले हुन आउने रु.१०५६६।-बढी भुक्तानी दिएकोले सो रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्दछ, रु.

असुल गर्नुपर्ने	१०,५६६

४८.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट

व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । उपभोक्ता समिति मार्फत उल्लेखित निर्माण कार्य गराउँदा लागत अनुमानमा सिमेण्ट १२१ वोरा आवश्यक हुने गरी तयार गरेकोमा उपभोक्ता समितिले ५२ वोरा मात्रै खरीद गरेको विजक पेश गरेको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान अनुसारकै रु.१५,८५,४९८।१५को तयार गरी गो.भौ.५२।०८२।३।२३ बाट रु.१४,२५,०००।-भुक्तानी गरेको छ । यसरी पालिकाबाट १२१ बोरा खरीदको भुक्तानी भएकोले कम खरीद परीमाण ६९ बोराको प्रति बोरा सिमेण्ट रु.९२९।२० ले हुने रकम रु.६४००५।-को मू.अ.कर बढी भुक्तानी भएको देखिन्छ । यसरी बढी मू.अ.कर रकम रु.८३३५।-भुक्तानी भएको देखिएकोले सम्वन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्दछ, रु

असुल गर्नुपर्ने	६४,००५

४९ **वडा नं-१ भवन निर्माणः**

४९.१ पालिकाले प्रदेश समपुरक वजेटबाट वडा नं-१ को भवनमा पहिलो तल्ला थपगर्ने कार्यको लागि रु.१००१८२११।४१ (मू.अ.कर र पि.एस.सहित)को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले सो निर्माण कार्यको लागि २०८१।१२।१८ मा ठेक्का नं NCB/SRM/४/०८१/८२ बाट सूचना आव्हान गरेकोमा पर्न आएका आठ फर्म मध्ये कम कवोल रु.४७,६८,४०६।३५(मू.अ.कर र पि.एस.वाहेक) गर्ने फर्म तामाङ्ग निर्माण सेवाको प्रस्तावलाई पालिकाले स्विकार गरी २०८३।३।१५ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८२।२।११ मा रु.४७,६८,४०६।३५ को सम्झौता भएको देखियो । सम्झौता अनुसारको कार्यको प्रथम रनिङ्ग विल निर्माण व्यवसायीले पेश गरेको प्राविधिकको नापजाँच पश्चात प्रदेश शशर्तबाट गो.भौ. ६३।०८२।३।२५ बाट रु.५९,५,९६५।-भुक्तानी दिएको पाईयो । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

सैद्धान्तिक बेरुजु

४९.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्दा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा (४) बमोजिम त्रुटि सच्चाउने दायित्वको अवधिभन्दा कम्तिमा एक महिना बढीको वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले रु.१९८००००।- को २०८४।४।१५ सम्मको कार्यसम्पादन जमानतको आधारमा खरिद सम्झौता हुनुपर्नेमा रा.वा.वैकबाट जारी भएको २०८३।३।३१ सम्मको पेश गरेको कार्यसम्पादन जमानको आधारमा पालिकाले २०८२।२।११ मा सम्झौता गरेको छ । पालिकाले यसरी नियमले तोकेको अवधिको कार्यसम्पादन जमानत नलिई सम्झौता गरेकोले खरीद कार्यको बमोजिम त्रुटि सच्चाउने दायित्वको अवधी सुनिश्चित देखिदैन । अतः नियमानुसार रु.१९,८०,०००।-को २०८४।४।१५ सम्मको कार्यसम्पादन जमानतको म्याद थपको प्रमाण पेश हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	१९,८०,०००

४९.३ समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा १० मा प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्ने र खर्च समेत समान पचास प्रतिशतको दरले हुने उल्लेख छ। 'सो अवधिभित्र आयोजना/कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित आयोजनाको लागि प्रदेश समपुरक वजेटबाट यसबर्ष देहायका गो.भौ.हरूबाट रु.१२,०७,४८७।-खर्च गरेको पाईएकोमा पालिकाको योगदानको रकम खर्च गरेको पाईएन । अतः पालिकाको आन्तरीक स्रोतको योगदान हुने रकम रु.१२,०७,४८७।-बाट सो योजनामा खर्च गरेको प्रमाण पेश हुनुपर्दछ, रु.

क्र.सं	गो.भौ.	कामको विवरण	रकम
१	५३।०८२।३।२५	सूचना छपाई	११५०००
२	६१।०८२।३।२५	डि.पि.आर	४९६५२२
३	६३।०८२।३।२५	भवानी निर्माण सेवा	५९५९६५
जम्मा			**१२०७४८७**

प्रमाण पेश नगरेको	१२,०७,४८७

५० **दोदरेखोला झोलुङ्गेपुलः**

५०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र भुक्तानी गर्दा सम्झौताको शर्त अनुसारको भुक्तानी हुने उल्लेख छ । पालिकाले दोदरेखोला झोलुङ्गेपुल उपभोक्ता समितिबाट कार्य गर्नेगरी २०८०।११।१ मा प्रथम पटक सम्झौता गरेको पाईयो । सो सम्झौता अनुसार झोलुङ्गेपुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गत कार्यालयले लागत अनुमान मध्ये १३% पालिका योगदान, २% उपभोक्ता समितिको योगदान र बाँकि ८५% झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतबाट खर्च हुनुपर्ने देखियो । पालिकाले झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको खर्च गर्दा आनुपातिक रूपमा खर्च गर्नुपर्ने देखिएकोमा यसबर्षसम्म पालिकाले गो.भौ.६।०८२।१।८ बाट रु.२४,२४६।-,गो.भौ.७।०८२।१।११ बाट रु.१,२४,३३५।-,गो.भौ.८।०८२।१।१४ बाट रु.४,४७,३१६।-गो.भौ.१८।०८२।३।२१ बाट रु.३,७७,१६५।-र गत बर्षको भुक्तानी रु.६,०५,४१३।-सहित सो योजनामा रु.१६,०५,४१३।-को कार्य भएकोमा सम्पूर्ण खर्च शशर्त वजेटबाट गरेको देखिन्छ । पालिकाले हालसम्मको खर्चको १३% का दरले हुने रकम रु.२०८७०४।-आन्तरिक आम्दानीबाट खर्च गर्नुपर्नेमा हालसम्म खर्च गरेको देखिदैन । अतः पालिका योगदानको हुने रकम रु.२०,८,७०४।-को खर्च गरेको प्रमाण पेश हुनुपर्ने देखिएको, रु.

प्रमाण पेश नगरेको	२,०८,७०४

५०.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले दोदरेखोला झोलुङ्गेपुल निर्माणको लागि आवश्यक स्टिल पार्ट खरिदको लागि आषाढ मसान्तसम्मको म्याद दिई २०८१।१।१२ मा रु.१०,५२,७२९।८० मा लुम्बिनी ईन्जिनियरीङ्ग प्रा.लि.सँग सम्झौता गरेको देखियो । सम्झौता अनुसारको समयमा सामान आपूर्ति गर्न नसकेको जनाई फर्मले २०८१।३।१७ मा म्याद थपको निवेदन दिएकोमा पालिकाले म्याद थप गरेको देखिएन । आपूर्तिकर्ता फर्मले २०८१।१०।२० मा मात्रै सामान आपूर्ति गरेको पाईएकोमा पालिकाले पूर्वनिर्धारीत क्षतिपूर्ति कट्टा गरी भुक्तानी दिनुपर्नेमा पालिकाले गो.भौ.८।०८२।१।१४ बाट रु.४४७३१६।-भुक्तानी दिएको पाईयो । यसरी २०२ दिन ढिला आपूर्ति गरेकोमा १०% मा नबढ्ने गरी हुने रकम रु.९३१६२।-पूर्वनिर्धारीत क्षतिपूर्ति असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९३,१६२

५०.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले दोदरेखोला झोलुङ्गेपुल निर्माणको लागि सामाजिक तथा प्राविधीक विकास सेवा समुह, चैनपुरसँग कन्सल्टेन्सि सेवाको लागि २०८०।११।१ मा सम्झौता गरेको पाईयो । सम्झौता अनुसार सो फर्मलाई कन्सल्टेन्सि शुल्क रु.२,८६,६२९।-को ३५% डि.पि.आर निर्माण पश्चात, ३५% पुलको लट्टा तन्काए पश्चात र बाँकि ३०% सामाजिक लेखापरीक्षण

पश्चात भुक्तानी हुने देखिन्छ । तर सो योजनामा हालसम्म डि.पि.आर निर्माण भई कार्य सुचारू रहेको र पुलको लठ्टा तन्काउने कार्य सम्पन्न नभएकोमा प्रथम किस्ताको हुने रु.८५,९८९।-मात्रै भुक्तानी दिन सकिनेमा पालिकाले गो.भौ.७।०८२।१।११ बाट रु.१,२४,३३५।-भुक्तानी दिएकोले रु.३८,३४६।-बढी भुक्तानी दिएको पाईयो । यसरी सम्झौताको शर्त अनुसार बढी भुक्तानी रकम रु.३८,३४६।-सम्वन्धितबाट हिसाव मिलान गरेको प्रमाण पेश हुने अन्यथा असूल प्रमाण पेश हुने, रु.

प्रमाण पेश नगरेको	३८,३४६

५१ **अधुरो योजनाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । कार्यालयबाट व्यवस्थापन भएका देहाय अनुसारका सम्झौतामा तोकिएको समयमा कार्य सम्पन्न नभई म्याद थपको निवेदन पेश नभएको तथा समयमा कार्यसम्पन्न भएको अवस्था छैन । कार्यालयले समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार वनाई कारवाहि गरेको अवस्था नभएकोले अधुरा योजना सम्पन्न गराई सर्वसाधारणलाई योजनाको उपभोग गर्ने वातावरण सृजना गर्नेतर्फ पहल गर्नुपर्दछ ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायीको नाम	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	गत वर्षसम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च	भौतिक प्रगति
१	१० शैया अस्पताल निर्माण	टी.डी.आर. जुगल जे.भी	२०७९/०२/२०	२०८२/०३/३१	१६८१७४	२२३०२	१९०४७६	९०%
२	प्रमुख प्रशासकिय भवनको घेरबार तथा फिल्ड निर्माण	पि.टी.-मिलन जे.भी. निर्माण सेवा	२०८१/०३/२३	२०८२/०६/१०	०	७५२३	७५२३	८४ %

सैद्धान्तिक बेरुजु

५२ **अनुगमनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ख (५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमण तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा देहायको लगायतको योजना तथा कार्यक्रममा उ.स.को निवेदन भन्दा अगावै सम्झौता हुने गरेको, काम सकिनु अगावै अनुगमन हुने गरेको, सम्झौता हुनु र काम सकिनु पूर्व एवं पश्चातको विल भरपाई पेश हुने गरेको लगायत देखिएको र अनुगमन प्रतिवेदन औपचारिकतामा सीमित हुने गरेको देखियो । अनुगमनको प्रतिवेदन परीक्षण गर्दा समेत अनुगमन गरेको समय र मिति नखुलेको, कतिपयको योजनाको नाम उल्लेख नभएको, अनुगमनमा संलग्न पदाधिकारीको विवरण नखुलेको, अनुगमनबाट देखिएका ब्यहोरा र दिएको सुझाव समेत उल्लेख भएको देखिएन । तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश नुहँदा योजना संचालनमा मितव्ययीता अपनाएको तोकिएको गुणस्तरको निर्माण सामग्री तथा वस्तु प्रयोग भएको सुनिश्चित गर्न नसकिने हुन्छ । अतः ऐनमा तोकिए बमोजिम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने देखिन्छ। अनुगमन नभएका योजनाका उदाहरणहरु निम्नानुसार छन ।

क्र.सं.	गो.भौ	योजना	लागत अनुमान	सम्झौता	अनुगमन	भुक्तानी रकम	कैफियत
१	१४	चिउने देखि तलिवान भुगाड पदमार्ग उ.स.	८४६०७४	२०८२।१।५	२०८१।१२।२०	७५९९९९	
२	२२	धनलौन देखि पुरावन साउढल पदमार्ग	१०५५८४०	२०८१।११।१०	२०८२।१।५	९५००००	वडाले २०८२।१।१६ मा काम सकिएको सिफारीस
३	२४	दोदले देखि माझासम्म पर्यटकिय पदमार्ग	९५१७००	२०८१।८।१८	२०८२।१।८	८५५०००	वडा-१ ले २०८२।१।१५ मा काम सकिएको सिफारीस
४	३४	राप्ताभिर देखिराड मन्दिरसम्म पदमार्ग	८४७९२४	२०८२।१।१६	२०८२।१।२८	७६००००	उ.स.को विबवेदन अगाडी नै सम्झौता

सैद्धान्तिक बेरुजु

५३ **एक पालिका एक नमूना नगदेवालीः**

स्थानीय तहहरूमा विनियोजित शशर्त अनुदान कार्यक्रम संचालन कार्यविधी २०८० को दफा १० मा पालिकाले यस कार्यक्रमको लागि प्रस्ताव पेश गर्न लाभान्वित कृषकहरूलाई सूचना आव्हान गर्नुपर्ने र सो अनुसार प्राविधिकहरूले अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा दफा ७ अनुसारको समितिले आवश्यकता र संभाव्यता समेतको आधारमा कृषक छनौट गर्ने उल्लेख छ । पालिकालाई प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) अन्तर्गत एक पालिका एक नमुना नगदेबाली प्रवर्धन तथा सिंचाई कार्यक्रम अन्तर्गत यस आर्थिक बर्षमा रु.१२ लाख विनियोजन भएको पाईयो । सोहि अनुसार पालिकाले देहायको कृषक समुह तथा फर्महरूलाई छनौट गरी कार्यपालिकाको निर्णय अनुसार भुक्तान गरेकोमा कार्यक्रम संचालन कार्यविधीले उल्लेख गरेको प्रकृया अपनाएको नभई कार्यपालिकको २०८१।१२।१३ को निर्णयबाट सोझै भुक्तानी दिएको छ जसले गर्दा विरतण प्रकृया पारदर्शी र यथार्थपरक छ भन्ने अवस्था देखिएन । पालिकाले कार्यक्रम संचालन कार्यविधीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

क्र.सं	गो.भौ.	भुक्तानी फर्म	रकम
१	३९।०८२।३।१७	भवानी कृषक समुह, वडा नं.५	१४२५००
२	४५।०८२।३।१९	श्री साईपाल रोकाया कृषि तथा पशुपंक्षी फर्म वडा नं.४	१२१४००
३	४६।०८२।३।२०	साईपाल सुर्मादिवी बहुउदेशिय कृषक फर्म वडा नं.४	१४४०००
४	४८।०८२।३।२२	प्रज्वल बहुउदेशिय कृषि तथा पशुपंक्षी फर्म	१४२५००
५	४९।०८२।३।२२	श्री सभ्यता कृषि तथा पशुपंक्षी फर्म	१४२५००
६	५९।०८२।३।२४	हिमाल बहुउदेशिय उत्पादन तथा जडिबुटी प्रशोधन	१०००००

सैद्धान्तिक बेरुजु

५४ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।

गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्दावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको ७३ वटा उपभोक्ता समितिहरुसँग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.२,५५,६३,०००।-भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ । आयोजना/ कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ प्रधानमन्त्री रोजगार कार्यक्रम

५५.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क यकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नहर निर्माण, सडक मर्मत, पर्खाल निर्माण, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालनको लागि रु.७६,११,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ९१ जनालाई बढीमा १०० दिन र कममा ६० दिन गरी औषतमा ८० दिनको श्रमिक ज्यालामा रु.५१,०२,०००।र प्रशासनिकमा रु.२३,०९,०००।-गरी जम्मा रु.७५,११,०६२।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

सैद्धान्तिक बेरुजु

५५.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । त्यस्तै पालिकाले लाभग्राहिको नाममा बैंक खाता खोल्न लगाई प्रत्येकको बैंक खातामा रकम जम्मा गर्नुपर्नेमा गो.भौ.१०५।०८२।२।२० बाट रु.५,१२०,०००।-रोजगार संयोजकको बैंक खातामा पेश्कि निकासा दिई वितरण गरेको भरपाई सहित ११४।०८२।३।२० बाट फछ्र्यौट गरेको छ । पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना सम्वन्धमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५५.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

क्र.सं.	वडा नं.	आयोजनाको नाम	रोजगारी संख्या	खर्च रकम
१	१	तल्ला काकरकोट डुङ्गा बाटो निर्माण	६	८०७५०
२	१	धोडा सिंचाई कुलो निर्माण	१५	९६००००
३	२	जिमाडिल देखि तमाकखोलासम्म बाटो निर्माण	५	२०००००
४	२	दलित बस्ति पर्खाल निर्माण	७	४३४३००
५	३	चिरीङ्गा देखि दोवाटोसम्म बाटो निर्माण	५	३२०३००
६	३	गाउँ विडिखडा बाटो निर्माण	७	४०००००
७	३	चुक्झाड खडैची बाटो निर्माण	७	४०००००
८	४	साईपाल नाम्खा गुम्वा घेराबार	११	५९१४४०
९	४	रामरामति घेराबार निर्माण	१५	८७६१६०
१०	५	शर्मा आ.वि.फिल्ड निर्माण	५	३७६०००
११	५	भवानी आ.वि.फिल्ड निर्माण	८	४६३२५०
जम्मा				**५१०२०००**

सैद्धान्तिक बेरुजु

५५.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका ११ वटा नै योजनाहरू वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई प्राथमिकतामा राखी योजना छनौट गरी वजेटमा समावेश कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **व्यवस्थापन खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कार्यालयमा कार्य गरेको जनाई उल्लेखित गोश्वारा भौचरबाट रु.१,९६,०००।-भुक्तानी खर्च गरेको छ । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेख्ने कार्यमा सुधार हुनुपर्दछ ।

क्र.सं.	गो.भौ.	निकायको नाम	खर्च
१	२५४।२०८१।११।८	लासि प्रहरी चौकी ब्यबस्थापन	४७०००
२	३९०।२०८२।०२।२२	धलौन प्रहरी चौकी ब्यबस्थापन	९९०००
३	१८२।२०८१/१०/१८	धुलि प्रहरी चौकि ब्यबस्थापन	५००००
जम			**१९६०००**

सैद्धान्तिक बेरुजु

५७ उच्च पहाडि एवं हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम

५७.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) अनुसार कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रहि खर्च गर्नु पर्ने व्यवस्था छ। उच्च पहाडि एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रमका लागी रु.७१,००,०००।-वजेट विनियोजन भएकोमा पालिकाले आलुकोल्ड स्टोर तथा जडिवुटि प्रशोधन केन्द्र निर्माणका लागि रु.६५९५०९९।०५ को लागत अनुमान तयार गरी मिति २०८१।१२।१९ मा प्रकाशित सूचना अनुसार न्यूनतम कवोल गर्ने प्रमोद मिलन जेभि निर्माण सेवाले मुअकर र पियस आइटम सहित रु.४४,०४,७०६।८३ मा २०८२।३।२२ मा निर्माण सम्पन्न गर्ने गरी २०८२।२।१८ मा सम्झौता गरेकोमा सो निर्माण कार्यको २०८२।३।२० मा कार्यसम्पन्न गरेको छ । पालिकाले वजेट खर्च मध्ये भवन निर्माणमा रु.४३,४४,६६२।१० खर्च भई वांकी रु.३१,०७,७९८।९५ को ग्यावियन निर्माण, फिल्ड निर्माण र प्रशोधन केन्द्र जाने वाटोका लागि विभिन्न निर्माणका काम ग्यावियन वाटो र फिल्डको कार्यगरी खर्च गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

५७.२ उक्त निर्माण कार्य मिति २०८२।२।१८ वाट शुरु गरी ३।२० मा सम्पन्न गरेकोमा ३२ दिनमा नै कार्यसम्पन्न गरेको उल्लेख भएको छ । उक्त २ वटा भवन निर्माण कार्यको पालिकास्तरीय अनुगमन समितिको प्रतिवेदन लेखापरीक्षणमा पेश भएको छैन । पालिकाले अनुगमन प्रतिवेदनको आधारमा मात्रै भुक्तानी दिने कार्य गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५७.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक रु.२० लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायिले निर्माण सामग्री प्रयोग गरिने मेशिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको वीमा गराउनु पर्ने व्यवस्था छ।पालिकाले उक्त प्रावधान अनुरुप वीमा गराएको पाइएन।

सैद्धान्तिक बेरुजु

५८ हेलिकप्टर खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भर्पाइ प्रमाण कागजात संलग्न गर्नुपर्ने र यसै नियमावलीको ३९ (१०) अनुसार भुक्तानी दिन अगाडी विल भर्पाइ जाँच गरी रित पुगे नपुगेको परीक्षण गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले ढुवानी खर्च वापत सिम्रिक एयरलाइ रु.१२,७०,०००।-भुक्तानी गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मिति २०८१।२।२७ र २०८१।३।१६ को विल संलग्न राखि भुक्तानी गरेको छ। उक्त भुक्तानी गर्दा कार्यको खर्चलाइ पुष्टि गर्ने आधार वेगर खर्च लेखेको देखिएकोले यस्तो खर्च रकम अनियमित देखिएको, रु.

अनियमित भएको	१२,७०,०००

५९ सामाजिक सुरक्षाः

५९.१ सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.१०७७६८६०।-खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः-

सैद्धान्तिक बेरुजु

५९.२ सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ । त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

५९.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९.५ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ परिच्छेद ७ को दफा २५ मा बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्ने र बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको देखिने गरी लाभग्राहीको नाम बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १२ बमोजिमको त्रैमासिक रूपमा सम्बन्धित स्थानीय तहलाई विद्युतीय माध्यममा अनिवार्य रूपमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका रहेको ठाउँमा बैंक नरहेकोले देहायका पहिलो र दोस्रो त्रैमासिक किस्ता नगदै रु.५७५७५९६।-र बाँकी तेस्रो र चौथो त्रैमासिक किस्ताको भत्ता बैंकबाट वितरण गरेको पाइयो ।

किस्ता	निकासा		वितरण		संचित कोषमा फिर्ता	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
पहिलो	५२४	२९६९३७४	५१७	२९०८९१९	७	६०४५५
दोस्रो	५०६	२८४८६७७	५०६	२८४८६७७	०	४०२०
जम्मा	**१०३०**	**५८१८०५१**	**१०२३**	**५७५७५९६**	**७**	**६४४७५**

सैद्धान्तिक बेरुजु

६० **सम्झौता वेगर खर्चः**

सार्वजनिक खरिद ऐन २०६३ मा कुनै पनि सार्वजनिक निकायले खरिद कार्य गर्नुपूर्व कार्य शर्तहरु तोकी सम्झौता गर्नुपर्ने र सम्झौता बमोजिम खरिद कार्य अगाडी बढाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका संचार माध्यमहरुलाई सूचना प्रकाशनको लागि रु.१६९४००।-भुक्तानी गर्दा सम्झौताको शर्तहरु तोकी कार्य सम्झौता गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

गोश्वारा भौचर नं र मिति	खर्च शिर्षक	भुक्तानी पाउने	रकम
५९।०८१।०७।२९	सार्वजनिक सुनवाइ कार्यक्रम	तेस्रो आँखा राष्ट्रिय साप्ताहिक	१०००००
५५२।०८२।०३।२४	सूचना प्रकाशन	रेडियो बुङगल	३००००
५५७।०८२।०३।२५	सूचना प्रकाशन	खप्तड मिडिया	९८५०
	सूचना प्रकाशन	दिव्य प्रकाशन	४९२५
	सूचना प्रकाशन	सेति मिडिया	९८५०
	सूचना प्रकाशन	सहकार्य मिडिया	१४७७५
जम्मा रकम			**१६९४००**

सैद्धान्तिक बेरुजु

६१ **वडा नं-२ मा मोवाइल खरिदः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १७(२) बमोजिम कार्यालयले कामको आवश्यकताको आधारमा विद्युतीय उपकरण खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विद्युतीय उपकरण खरिद गर्दा कार्यसम्पादनमा त्यसले पुर्याउने टेवा तथा लागत समेतको विश्लेषण गरी अधिकतम मितव्ययीता कायम गरि खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.४८९।०८२।०३।२१ मा वडा कार्यालयबाट निर्णय गरी वडाका जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि जम्मा ९ थान मोवाइल सेट प्रति सेट रु.२५,५५५।-को दरले रु.२,३०,०००।-भुक्तानी गरेको छ । खरिद गरिएका सामग्रीको दररेट माग गरी कोटेशन समेत भएको छैन । सार्वजनिक खर्चको मापदण्ड विपरित वडाबाट निर्णय भई खरिद गरिएको सामग्रीले पालिकाको खर्चमा थप व्यभार पर्ने हुँदा नियमसँगत नदेखिएको रु.

अनियमित भएको	२,३०,०००

६२ **अन्य निकायको खर्च ;**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी निम्नानुसारको रु.१५,४२,०००।-खर्च गरेको मितव्ययी र प्रभावकारी भएको देखिएन । पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने भएकोले यस प्रकारको खर्च नियमसम्मत देखिदैन, रु.

गोश्वारा भौचर नं र मिति	भुक्तानी पाउने	विवरण	रकम
५८।०८१।०७।२९	अस्थायी प्रहरी चौकी	घर भाडा	१४४०००
५२७।०८२।०३।२३	जयपृथ्वी बहादुर क्याम्पस	कार्यक्रम खर्च	६००००
३६।०८१।०९।०४	एभरेष्ट वैक	सोलार प्यानल खरिद	९५८०००
१८०।०८२।०३।१९	धुलि नाम्खा गुम्बा व्यवस्थापन	कार्पेट कुर्चि	३८००००
जम्मा रकम			**१५४२०००**

अनियमित भएको	१५,४२,०००

६३ **उस्तै प्रकृतिको कार्यमा खर्चः**

पालिकाबाट संचालन हुने कार्यक्रम तथा वडास्यरीय कार्यक्रम संचालन गर्दा पालिका र वडा बीच समन्वय कायम गरी कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले गोश्वारा भौचर नं ५१६।०८२।०३।२३ मा विद्यार्थीको लागि पोशाक खरिद तथा वितरण वापत सुर्मा देवि गार्मेन्टबाट ७२४ थान पोशाक खरिद गरी पालिका भित्रका विद्यालयमा वितरण गरेकोमा पुन भौचर नं ५४५।०८२।०३।२४ मा

वालवालिकासँग वडाध्यक्ष कार्यक्रम मार्फत वडा नं १ मा वडास्तरिय कार्यक्रममा उस्तै कार्य राखी पुन सोही विद्यालयको विद्ययार्थीलाई पोशाक वितरण गरेको देखिन्छ । यसरी पालिका र वडाका कार्यक्रमहरुबीच समन्वय कायम नगरि कार्यक्रम गर्दा उस्तै प्रकृतिको कार्य दोहोरिने गरेको र सोबाट पालिकालाई थप व्ययभार परेकोले पालिकासँग समन्वय नगरी वडाबाट संचालन भएका उस्तै प्रकृतिको कामको लागि खर्च गरेको रकम रु.१,९०,०००।-नियमसँगत नदेखिएको रु.

अनियमित भएको	१,९०,०००

६४ **डिजिटल पाश्वचित्र निर्माणः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा ३० मा सरकारी व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामानको सात भित्र दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गोश्वारा भौचर नं ४२।०८१।०९।२४ मा साइपाल गाउँपालिकाको पर्यटन तथा सांस्कृतिक पाश्वचित्र निर्माणको लागि कैलास मिडिया प्राइभेटसँग सम्झौता गरी रु.९ लाख खर्च गरेको छ । सम्झौता बमोजिम कैलाश मिडियाले जम्मा १००० प्रति किताब रु.९००।-को दरले तयार गरि २०८१।०७।२० मा पालिकालाई हस्तान्तरण गर्नुपर्ने रहेको छ । पालिकाले छपाई भइ आएका पुस्तकको जिन्सी दाखिला गरेको छैन । पुस्तकको जिन्सी दाखिला तथा कैलाश मिडियाबाट हस्तान्तरण भएको प्रमाण पेश नहुँदा सम्झौता बमोजिमको सङख्यामा पालिकामा पुस्तक प्राप्त भए नभएको सुनिश्चित हुन सकिएन । पालिकाले खरिद गरेको सामग्रीको यथाशिघ्र जिन्सी दाखिला गरि सोको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	९,००,०००

६५ **नापी बिना भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने र कार्यालयले नापी किताबमा उल्लेख वास्तविक कार्यसम्पादनको आधारमा आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायको काममा रकम भुक्तानी गर्दा प्राविधिक नापजाँच विना नै कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गरेकोले वास्तविक कार्य एकीन हुन नसकेको रु.

गो.भौ. र मिति	**योजनाको नाम**	**रकम**
३३०।०८२।०१।१५	गोलढाडा देखि झुलेमाझासम्मको बाटो निर्माण	९१२००
३३५।०८२।०१।१५	फलौटे देखि माटिखोलासम्मको बाटो निर्माण वडा नं ३	९१२००
४७७।०८२।०३।२०	पहरेन खोला बाटो र घट्ट भलकुलो मर्मत	६५९००
५८१।०८२।०३।२५	जिमा गोरेटो बाटो निर्माण	१५००००
१८३।०८२।०३।२०	भवानी प्रावि तटबन्धन कार्य	४३००००
जम्मा रकम		**८२८३००**

प्रमाण पेश नगरेको	८,२८,३००

६६ **विविध कार्यक्रमको खाजा खर्चः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०८० को नियम ३८ को उपदफा ५ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट विभिन्न समयमा कार्यालयका कर्मचारीहरुलाई विभिन्न कार्यक्रम जस्तै भुकम्प पिडितको सर्वेक्षण, राष्ट्रिय परिचयपत्रको घुम्ती शिविरमा जाँदा खाजा खाएको भनी मिलन होटेलबाट रु.१,०३,०००।-को विल पेश भएकोमा पालिकबाट कर्मचारीलाई उक्त कार्यमा खटाइएको भन्ने कुनै आधार पेश नभएकोले खर्चको पुष्टाइ हुनेगरी कागजात संलग्न गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०३,०००

६७ **अनुगमन प्रतिवेदन पेश नभएकोः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ। पालिकाले गो.भौ.३५०।०८२। ०१।१७ मा गाउँपालिकाको ५ वटै वडामा रहेका वन क्षेत्रहरुमा जडिबुटी संकलनको अवस्था र रेखदेख बारे अनुगमन गरेको भनी २७ जना पदाधिकारीहरुको उक्त समयको खाजा खर्चमा रु.१,९०,०००।-भुक्तानी गरेको छ । पालिकाबाट अनुगमन भएको कार्यको समिक्षा र सुझाव सहितको अनुगमन प्रतिवेदन पेश गरी आगामी दिनमा सोही अनुरुप कार्य अगाडी बढाउनु पर्नेमा अनुगमन पश्चात सोको प्रतिवेदन पेश गरेको पाइएन । वडामा रहेका वन क्षेत्रहरुमा जडिबुटी संकलनको अवस्था र रेखदेख बारे अनुगमनबाट देखिएको वास्तविक अवस्था खुल्ने प्रतिवेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,९०,०००

६८ **जेष्ठ नागरिक भ्रमण कार्यक्रमः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा २६ खर्चको कार्यविधि र मापदण्डको उपदफा २ मा सरकारी रकम गर्दा अधिकतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गोश्वारा भौचर नं ८१।०८१।१२।२८ मा गाउँपालिका पुँजीगत खर्चबाट रु १८ लाख ७५ हजार बजेट विनियोजन गरी पालिका भित्रका जेष्ठ नागरिकलाई सम्मान गर्ने उदेश्यले जेष्ठ नागरिक भ्रमण खर्चमा रकम भुक्तानी गरेको छ । पालिकाले वडा नं १ देखि ५ सम्मका जम्मा ६५ जना जेष्ठ नागरिकलाई मिति २०८१।१०।१५ देखि २१ गते सम्म काठमाडौका पशुपति मन्दिर,धरहरा नारायणहिटी दरबार लगायतका क्षेत्रमा भ्रमण गराएको छ । जेष्ठ नागरिकलाई सम्मान गर्ने उदेश्यले पालिकाले भ्रमण गराउँदा लामो दुरीको यात्राको कारण त्यसबाट जेष्ठ नागरिकको स्वास्थ्यमा आउने सक्ने समस्याको अवस्थाबारे विश्लेषण भने गरेको छैन । साथै पालिकाले बजेटको ठुलो अंश यस्ता कार्यक्रममा खर्च गर्दा विकासका योजनाहरुमा रकम विनियोजन नहुने तथा कम पुँजिगत खर्च हुने समस्या देखिन्छ । यसरी चालु खर्चबाट व्यहोर्नुपर्ने कार्यक्रमको खर्च रकम पूँजिगत वजेटबाट खर्च गरेको पाईएकोले यस्तो रकम नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	१८,७५,०००

६९ **कर कट्टी नभएकोः**

आयकर ऐन २०५८ मा आयमा १५ प्रतिशतका दरले अग्रीम रुपमा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले गोश्वारा भौचर नं ५५४।०८२।०३।२५ मा तारा चुक प्रशोधन अभिमुखिकरण कार्यक्रमको लागि कार्यक्रम संचालक बसन्त वोहोरालाई रु.१७२०००।-भुक्तानी गरेको छ । उक्त कार्यक्रममा प्रशिक्षण गर्ने प्रशिक्षकलाई वितरण गरेको भत्ता रकम १८१५०।-मा १५ प्रतिशतले लाग्ने पारिश्रमिक कर रु.२७२२।-कट्टी नगरी भुक्तानी भएकोले सम्बन्धितबाट दाखिला गर्नु पर्ने कर रु

असुल गर्नुपर्ने	२,७२२

७० **जिल्लास्तरिय रनिङ शिल्ड कार्यक्रमः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७९ को दफा २६ खर्चको कार्यविधि र मापदण्डको उपदफा २ मा सरकारी रकम गर्दा गर्दा अधिकतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर कायम हुनेगरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गाउँपालिका पूँजिगत शिर्षकको भौश्वार नं १०९।०८२।०१।१२ बाट मिति २०८१।०९।२५ देखि ०८१।०९।२९ सम्म धुली मावि साईपालमा ५ दिन संचालन भएको गाउँपालिकास्तरिय रनिङ शिल्ड कार्यक्रममा विभिन्न ५ वटा विद्यालयलाई सहभागी गराई खेलकुद सामग्री खरिद, खेलाडीहरुको खाजा नास्ता तथा अन्य खेलकुद सम्बन्धि कार्यको लागि रु.१९४७९०१।-खर्च लेखी रकम भुक्तानी गरेको छ । पालिकाको श्रेस्ता परिक्षण गर्दा, खेलकुदमा सहभागीहरुको उपस्थिति नरहेको तथा खेलाडीहरुको खाजा तथा खाना खर्चमा मात्र रु १७ लाख १६ हजार रकम खर्च भएको देखिन्छ । पालिकाले पुजिँगत शिर्षकमा

वजेट विनियोजन गरी बजेटको ठुलो अंश खेलकुद कार्यमा खर्च गरेको देखिएकोले खेलकुद कार्यलाई मितव्ययी वनाई विकासका अन्य कार्यमा पूँजिगत खर्चलाई बढाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **वितरणको भरपाइ पेश नभएकोः**

सुदुरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०८० को नियम ३८ को उपदफा ५ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो.भौ.१६८।०८१।१०।१३ मा जोशि मल्टी लिङकवाट ८ वटा झोला प्रति दर २५०० र ६ वटा प्रति दर रु.३०००।-को दरले खरिद गरी रु.३८०००।-भुक्तानी गरेकोमा सोको वितरण भएको भरपाई पेश नभएको रु.

प्रमाण पेश नगरेको	३८,०००

७२ **सुधारिएको चुलो वितरण कार्यक्रमः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा सार्वजनिक निकायले मालसामान खरिद गर्दा नियम ९ बमोजिमको लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गोश्वारा भौचर नं १५४।०८२।०२।२२ मा गाउँपालिकामा १५० थान सुधारिएको चुलो खरिद गरि सिद्धार्थ इन्जिनियरिङलाई रु १ लाख ३५ हजार भुक्तानी गरेको छ । पालिकाले खरिद गरेको चुलोको लागत अनुमान तयार भएको छैन । लागत अनुमान तयार नगरी खरिद कार्य गर्दा बढी दरमा खरिद हुने हुँदा खरिद कार्यपूर्व सार्वजनिक खरिद कानुन बमोजिम खरिद गरिने मालसामानको मुल्यसूची सहितको लागत अनुमान तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै पालिकाले यस्ता वितरणमूखी कार्य संचालन गर्दा लाभग्राहीहरुको छनौट तथा वितरणको मापदण्ड तय गरि लाभग्राहीको नामावली सहितको सूची तयार गरी सोहीबमोजिम वितरण गर्ने गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७३ **पूँजीगत खर्चबाट आर्थिक सहयोगः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने योजना छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने तथा सीमित स्रोतको उच्चतम प्रयोग हुने गरी योजनाको कार्यान्वयन गर्नुपर्दछ। ।यस स्थानीय तहले देहाय लगायतका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रकम भुक्तानी दिएको पाईयो । यस्ता खर्चमा मितव्ययिता कायम गरिनुपर्दछ ।

गोश्वारा भौचर नं	भुक्तानी पाउने	रकम
११।०८१।०७।२९	नेपाल सांस्कृतिक मन्च	२५०००
३२।०८१।०९।०२	नेपाल महिला संघ	३५०००
१२९।०८२।०२।०९	जोग वहादुर कठायत	४००००
१३०।०८२।०२।११	घुरन बहादुर बोहरा	५००००

सैद्धान्तिक बेरुजु

७४ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैंन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिबलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको

मालसामान सोझै खरिद गर्न सकिने र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले यसबर्ष देहायअनुसारको रू.२९,०७,६८०।-मूल्य बराबरको विभिन्न मालसामान खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । यसरी पालिकाबाट मेशिनरी औजार र मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको पाईएकोले यस्तो खर्च रकममा प्रतिशपर्धा नहुने तथा मितव्ययी समेत नहुने देखिएकोले यस्तो खरीद रकम नियमसम्मत देखिएन ।

क्र.सं.	गो.भौ	खरीद फर्म	खरीद सामान	वजेट	खर्च
१	३०, ४५, १९६	विभिन्न	पूँजीगत सामाग्री	१३००००००	४७५०००
२	१४९,१५१,१६५,१६७	विभिन्न	पूँजीगत सामाग्री		७८९७८०
३	४९५।०८२।०३।२१	नविन इलेक्ट्रीकल्स	विद्युतिय सामग्री		१५७५००
४	२२१।०८२।०३।२५	मर्कन्टाइल कम्युनिकेशन	कार्यालयमा इन्टरनेट जडान		९०००००
५	२१६।०८२।०३।२४	साथी स्टेशनरी एण्ड अडर सप्लायर्स	झोला खरिद		२०००००
६		स्मृति जनरल अडर सप्लायर्स	कार्पेट खरिद		१०५४००
७		सुर्मदिवि सिरक उद्योग	ब्ल्याङकेट खरिद		१७५०००
८	१६१।०८१।१०।१०	नमो वुद्ध इन्टरप्राइजेज	त्रिपाल खरिद		१०५०००
जम्मा					**२९०७६८०**

सैद्धान्तिक बेरुजु

७५ **कृषी पशु अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट २१० जनाको लागि रु.१२,९६,५००।-खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

क्र स	अनुदानको किसिम	बजेट	खर्च	लाभान्वित कृषक
१	एक पालिका एक नमुना नगदे वाली प्रवर्धन तथा सिचाइ सहयोग कार्यक्रम	१२०००००	११५००००	१५०
२	उत्पादनमा आधारित (राज्मा) नगद अनुदान	४५००००	१४६५००	६०
जम्मा			**१२९६५००**	**२१०**

सैद्धान्तिक बेरुजु

७६ **खर्चमा मितव्यिता कायम गर्नुपर्नेः**

७६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

सैद्धान्तिक बेरुजु

७६.२ भ्रमण खर्च : सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.१०,००,०००।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७६.३ मसलन्द तथा कार्यालय सामग्री खर्चः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष पालिका तर्फ रु.४२,५०,०००।-र वडाहरूतर्फ रु.२६,९८,०००।-गरी जम्मा रु.६९,४८,०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७६.४ इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१८,९४,०००।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७६.५ कन्टिन्जेन्सी खर्च अभिलेख : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। जसले गर्दा कुन कुन योजनामा कति खर्च गरेको छ यकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **राष्ट्रिय शिक्षा नीतिको पालनाः**

७७.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको मापदण्ड बनाई मापदण्ड बमोजिम अनुगमन गरी सोको प्रतिवेदन

सार्वजनिक गर्ने गरेको छैन ।

तसर्थ पालिकाले राष्ट्रिय शिक्षा नीति बमोजिम सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी सोही बमोजिम अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.३ राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालयको व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **शैक्षिक सुनुश्चितता पहुँचः**

कार्यक्रम कार्यान्वयन कार्यविधी, ०८१।८२ को क्रियाकलाप नं.२.७.१३.११ मा यस कार्यक्रमका लागि स्वीकृत बजेट बाँडफाँड गर्दा सम्वन्धित निकायबाट रकम माग गर्न लगाई रुजु गरी प्रत्येक स्थानीय तहले EMIS मा अद्यावधिक गरेको तथ्याङ्कको आधारमा परम्परागत विद्यालय, खुल्ला विद्यालय, अनौपचारीक प्रौढ विद्यालयलाई निकासा दिनसक्ने व्यवस्था छ । तर पालिकाले यसबर्ष सो रकमबाट धलौन मा.वि.लाई अतिरिक्त क्लास संचालन गरेको जनाई सो वापतको रकम गो.भौ.१४७।०८२।३।२३ बाट रु.२,०५,५००।-निकासा दिएको पाईयो । पालिकाले कार्यविधीमा उल्लेखित कार्यक्रम मात्रै गर्नुपर्नेमा कार्यविधी भन्दा फरक गरी भुक्तानी गरेको पाईएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

अनियमित भएको	२,०५,५००

७९ **पालिका शिक्षक तलवः**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै

वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थी संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १७ जनालाई, नि.मा.वि.तर्फ १२ जना र मा.वि तर्फ ५ जना शिक्षकलाई गरी बार्षिक रु.१,०३,९२,०२०।- वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थीहरूको अनुपात हेर्दा देहाय अनुसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ति गरी खर्च गर्नुपर्ने देखिन्छ ।

तह	**दरवन्दी शिक्षक**	**विद्यार्थी संख्या**	**पालिका अनुदान शिक्षक**	**जम्मा**	**शिक्षक विद्यार्थी अनुपात**	**खर्च रकम**
प्रा वि	२	७०५	१७	१९	३७.१२	२३३३४००
निमावि	६	२९४	१२	१८	१६.३३	४००५१२०
मावि	९	२६५	५	१४	१८.९२	४०५३५००
जम्मा	**१७**	**१२६४**	**३४**	**६१**	**२४.३७**	**१०३९२०२०**

सैद्धान्तिक बेरुजु

८० **शिक्षामा आरक्षणः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम ५० मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **दरवन्दी शिक्षक तलवः**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख व्यवस्था छ । पालिकाले धुली मा.वि.लाई बार्षिक देहाय अनुसारको हुने तलव निकासा दिनुपर्ने देखिन्छ । तर पालिकाले दिनुपर्ने निकासा रकम भन्दा बढी निकासा दिएको पाईएकोले उक्त रकम रु.३६२४।-सम्वन्धित विद्यालयबाट असूल गरी संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने, रु

क्र.सं	**त्रैमासिक**	**गो.भौ**	**दिनुपर्ने निकासा**	**निकासा रकम**	**बढी निकासा रु.**
१	प्रथम	१६।०८१।६।१८	१०२७६३०	१०२७६३०	-
२	दोस्रो	५५।०८१।१०।२०	१००४११७	१००४११७	-
३	तेस्रो	७१।०८१।१२।२७	११३४०५६	११३४०५६	-
४	चौथो	१२९।०८२।३।१६	१०९५३१५	१०९८९३९	३६२४
जम्मा					**३६२४**

असुल गर्नुपर्ने	३,६२४

८२ **स्वास्थ्य सेवाको कर्मचारी तलवः**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्ने उल्लेख छ । पालिकाले संघिय शशर्त चालु वजेटबाट स्वास्थ्य सेवा तर्फको दरवन्दीमा कार्यरत स्थायी तथा करार कर्मचारीको हुने पारिश्रमिक एवं भत्ता खर्च लेख्नुपर्ने देखिन्छ । पालिकामा १ स्वास्थ्य चौकिको लागि मात्रै स्थायी दरवन्दी रहेकोमा पालिकाले दरवन्दीमा कार्यरत ७ जना कर्मचारीको बार्षिक हुने रु.३८,१८,१००।-मात्र खर्च गर्नुपर्नेमा पालिकाको स्वास्थ्य करार कर्मचारीहरूको तलव रु.२१,३४,८९९।१० सहित रु.५९,५२,९९९।१० खर्च गरेको छ । यसरी पालिकाको आन्तरिक वजेटबाट खर्च लेख्नुपर्ने तलव रकम संघीय शशर्त चालु वजेटबाट रु.२१,३४,८९९।१० खर्च गरेको पाईएकोले बढी व्ययभार पारेको उक्त रकम संघीय संचित कोष खातामा फिर्ता पठाउनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	२१,३४,८९९.१

८३ **नवशिशु कार्यक्रमः**

अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारित कार्यमा मात्रै खर्च गर्न पाउने उल्लेख छ । पालिकालाई संघीय शशर्त वजेट अन्तर्गत शशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू संचालन सम्वन्धी मार्गदर्शन, २०८१ को (१)मा वर्थिङ्ग सेण्टरमा कार्यरत अ.न.मीहरुको लागि रु.११,८५,०००।-मात्रै जनशक्ति व्यवस्थापनमा खर्च गर्न पाउने गरी वजेट विनियोजन भएको पाईयो । तर पालिकाले विभिन्न कर्मचारीहरू राखी वार्षिक रु.१,९६,६,९२०।-खर्च गरेको छ । यसरी विनियोजित रकम भन्दा रु.७,८१,९२०।-बढी खर्च गरी ब्ययभार बढाएको पाईएको उक्त रकम नियमसम्मत नदेखिएको, रु.

प्रमाण पेश नगरेको	७,८१,९२०

८४ **पाठ्यपुस्तक वितरणः**

८४.१ कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ को ३.१ मा विद्यालयको यकिन विद्यार्थी संख्याका आधारमा कक्षा १०-१२ का लागि प्रथम त्रैमासिक भित्र तथा कक्षा १-१० सम्म तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तकको रकम अनुदान दिने ऊल्लेख छ । यस्तो अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५% मात्रै अनुदान दिने र २०८२ बैशाखको विद्यार्थी भर्ना विवरण, पाठ्यपुस्तक खरिदको स्थिती र वितरण गरेको विवरणको आधारमा मात्रै नपुग भएको रकम पुनः विद्यालय खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.७९।०८२।१२।२८ बाट रु.९२,७,०००।-खर्च लेखेकोमा रु.३,३१,२९८।-पालिकाको स्वयंसेवक शिक्षकको लागि खर्च गरेको तथा बाँकि रकम निम्नानुसारको ९ विद्यालयहरुलाई रु.५,९५,७०२।-निकासा दिएको छ । तर सो निकासाको विल तथा भरपाई लेखापरीक्षण अवधिसम्म पनि पेश हुन आएन । पालिकाले IEMIS मा भएको तथ्याङ्क अनुसार निकासा दिएको जनाएतापनि सोको विल भरपाई पेश हुन नआएकोले IEMIS मा भएको तथ्याङ्क अनुसार सोको प्रमाण पेश हुनुपर्ने,रु.

क्र.सं.	विद्यालय	निकासा
१	काँढा मा.वि.	१९९३२६
२	धलौन मा.वि.	१७३५६३
३	धुली मा.वि.	१२५७१६
४	भवानी आ.वि.	५३५०७
५	तपोवन जनज्योति आ.वि.	८८२७
६	सुर्मा आ.वि.	३१२५
७	मानसरोवर आ.वि.	३५१५
८	साईपाल वालविकास केन्द्र	१८३५८
९	साईपाल लालिगुराँस वालविकास केन्द्र	९७६५
जम्मा		**५९५७०२**

प्रमाण पेश नगरेको	५,९५,७०२

८४.२ कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को क्रियाकलाप नं.२.४.६.२ को ३.१ अनुसार पाठ्यपुस्तकमा निकासा रकम अन्यत्र खर्च गर्न मिल्दैन । तर पालिकाले सो रकम स्वंसेवक शिक्षक व्यवस्थापनमा रु.३,३१,२९८।-खर्च गरेको पाईएकोले संघीय शशर्त वजेटमा बढी व्ययभार परेको छ । यसरी बढी खर्च गरेको रकम संघिय संचित काषमा फिर्ता हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	३,३१,२९८

८५ **प्रकोप व्यवस्थापन कोषः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । भुक्तानी गर्दा लाभग्राहीको आफ्नै बैंक खातामा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोषबाट कार्यपालिकाले निर्णय गरी देहायका पिडित लाभग्राहीहरूलाई आर्थिक सहायता वातपको रकम भुक्तानी गर्दा लाभग्राहीको मन्जुरीनामा विना निज लाभग्राहीसँगको सम्बन्ध नखुल्ने गरी फरक व्यक्तिको बैंक खातामा रकम रु.२६८०००।-भुक्तानी गरेको छ । अतः यस्तो खर्च रकमको सम्वन्धितले वुझेको प्रमाण पेश हुनुपर्ने, रु.

क्र.स.	लाभग्राहीको नाम	भुक्तानी पाउने	सहायताको किसिम	सहायता रकम
१	डिकी तामाङ	प्रकाश तामाङ	उपचार	२००००
२	फुगे धामी	राजेन्द्र धामी	आर्थिक सहायता	३८०००
३	काजोम तामाङ	टेक बहादुर तामाङ	उपचार	५००००
४	गौतम थापा	गोविन्द बोहरा		३५०००
५	जानकी बोहरा	प्रदिप बोहरा		२००००
६	पानमती गुरुङ	सिर्जना तामाङ	उपचार	५००००
७	ज्ञान बहादुर बोहरा	सम्भु कुमार बोहरा	उपचार	२००००
८	निमा गुरुङ	नङ्बा तामाङ	उपचार	३५०००
जम्मा				**२६८०००**

प्रमाण पेश नगरेको	२,६८,०००

८६ **पालिका बाहिर आर्थिक सहायताः**

पालिकाको नागरिक उपचार तथा व्यवसायी सुरक्षा कोष संचालन र व्यवस्थापन कार्यविधि, २०७९ परिच्छेद ४ दफा ७ मा क्यान्सर रोगको निदान भएका गाउँपालिका भित्रका नागरिकलाई उपचार खर्च बापत नागरिक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट आर्थिक सहायता भुक्तानी दिन मिल्ने व्यवस्था छ । पालिकाले प्रकोप व्यवस्थापन कोषबाट साईपाल गाउँपालिका भन्दा बाहिरका विभिन्न पालिकाका देहायका व्यक्तिहरुलाई कार्यपालिकाको निर्णयको आधारमा आर्थिक सहायता वापतको रकम रु.१०९५००।- भुक्तानी गरेमा अनियमित देखिएको, रु.

क्र.स.	लाभग्राहीको नाम	ठेगाना	आर्थिक सहायता रकम
१	राजेश जोशी	मष्टा गा.पा ३	२००००
२	हिमा बोहरा	सूर्मा गा.पा. १	१००००
३	दुर्गा देवी धामी	बुंगल न.पा. १	५,०००
४	ब्रमभत्त जोशी	ज. न.पा ८	९,५००
५	प्रशान्त राज जोशी	मष्टा गा.पा. ४	५०,०००
६	दिपक कठायत	मष्टा गा.पा ७	१५०००
जम्मा			**१०९५००**

अनियमित भएको	१,०९,५००

८७ **उध्यमविकास कार्यक्रमः**

८७.१ गरिवी निवारणका लागी लघुविकास कार्यक्रम निर्देशिका २०७७,को दफा २८ (३) मा विषय विज्ञ र सक्षम प्रशिक्षकहरु परिचालन गरी तालिम संचालन गर्नु सम्वन्धित उध्यम विकास सहजकर्ता वा सेवा प्रदायक संस्थाको दायित्व हुने छ।त्यसरी तालिम संचालन गर्दा उपलव्ध भए सम्म सम्वन्धित विषयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदवाट सीप परीक्षण उतिर्ण गरेका लघुउध्यमी प्रशिक्षकलाइ प्राथमिकता दिनु पर्ने उल्लेख छ।यस पालिकाले गरिवी निवारणका लागि उध्यम विकास कार्यक्रमका लागि प्रशिक्षण गरेवापत प्रशिक्षण भत्ता वापत भुक्तानी गरेकोमा निज प्रशिक्षकहरुको व्यावसायिक दर्ता प्रमाण पेश नगरी प्रशिक्षण भत्ता सम्वन्धित

प्रशिक्षकको खातामा जम्मा नगरी उध्यमी विकास सहजकर्ता सन्तोष सिह वडाल मार्फत भुक्तानी दिएको देखिन्छ। व्यावसायिक तालिम केन्द्रवाट प्रशिक्षण लिएको प्रमाण संलग्न नगरी प्रशिक्षक भत्ता भुक्तानी गरेको अनियमीत देखिएको रु.

प्रशिक्षकको नाम	विवरण	भत्ता रकम
फुलमति रोकाया	सिलाइकटाइ तालिम ३ महिने	९००००
जोगी दमाइ	सिलाइकटाइ तालिम २ महिने	६००००
जम्मा		**१५००००**

अनियमित भएको	१,५०,०००

८७.२ तालिम संचालन सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन।

-प्रशिक्षकको पारिश्रमिक रु १५००००।उध्यमविकास सहजकर्ताले वुझाएको भर्पाइ मार्फत खर्चलेखि भुक्तानी खर्च लेख्ने गरेको

-प्रशिक्षक छनौटका आधार तयार नगरेको

-कार्यक्रमको प्रस्तावना तयार नगरेको

-तालिम सम्पन्न प्रतिवेदन तयार नगरेको

-लघुघरेलु तथा साना उध्योग प्रवर्धन तालिम कार्यक्रम संचालन कार्यविधि,२०८१ अनुसार

प्रदेश र स्थानिय तहमा संचालन हुने तालिमको अनुगमन सम्वन्धित निकायवाट हुने र सोको अनुगमन प्रतिवेदन अनुसुचि ५ वमोजिमको ढांचामा पेश गर्नुपर्नेमा अनुगमन प्रतिवेदनपेश नभएको

-कार्यविधिमा उल्लेख भए अनुसार प्रशिक्षार्थी छनौट गर्न विद्धुतिय माध्यमवाट कम्तिमा २१ दिनको म्याद दिइ दरखास्त आव्हान गर्नु पर्नेमा सो प्रकृया पुरा नगरी प्रशिक्षक सम्झौताको आधारमा प्रशिक्षक चयन गर्ने गरेको

-उध्यमीहरु छनौट गर्दा लिएको आधार पेश हुन नआएको।

सैद्धान्तिक बेरुजु

८८ **राजश्व**

८८.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ।पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कती छपाइ एवं प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन।अघिल्लो आवको वांकी रसिद ठेलीहरु के कति प्रयोग भएका छन यकिन गर्न सकिएन।म.ले.प. फा.न. ९०४ को स्वीकृत ढांचामा आम्दानीको अभिलेख राख्नु पर्नेमा सो राखेको पाइएन।पालिकावाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी आम्दानी संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण र आम्दानी असुलीलाइ स्वचालित प्रणाली मार्फत अभिलेखराख्ने सम्वन्धमा विशेष ध्यान दिनु पर्दछ। आम्दानी तर्फ देखिएका व्यहोरा निम्नानुसार छन।

सैद्धान्तिक बेरुजु

८८.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व ऐन, २०७६को दफा २८ मा तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा १० प्रतिशत जरिवाना लाग्ने व्यवस्था रहेको छ । पालिकाको वडा नम्वर ३ वाट जम्मा रु.३७८००।-आम्दानी भएकोमा रु.२१५००।-मात्र दाखिला भएकोले नपुग रु.१६३००।-व्याजसहित दाखिला गर्नु पर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१७,९३०

८८.३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व ऐन, २०७६को दफा २८ मा तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा १० प्रतिशत व्याज लाग्ने व्यवस्था रहेको छ ।पालिकाले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०८१।०८२ मा यार्सा संकलन तर्फ प्रयोग गरिएको ६ ठेली नगदी रसिद प्रयोग गरी उक्त नगदी रसिदको आधारमा परीक्षणवाट जोडजम्मा अनुसार जम्मा रु.१०३२२३२।- आम्दानी गरी दाखिला गर्नुपर्नेमा मिति २०८२।३।२४ मा जम्मा रु.५४००००।-मात्र दाखिला गरेको देखिएकोले नपुग रकम रु.४९२२३२।-को १० प्रतिशत व्याजले हुने रु.४९२२३।-समेत जम्मा रु.५४१४४५।-सम्वन्धित व्यक्ति अनिल वोहरा र सर्जन धामीसँग व्याज सहित असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	५,४१,४४५

८८.४ यार्सा संकलन कर वापत पालिकाले आम्दानी गर्ने गरेको छ।पालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित स्वीकृत दररेट अनुसार पालिका भित्र प्रतिव्यक्ति निकासी दस्तुर (वनप्रवेश शुल्क) प्रतिव्यक्ति रु.५००।-छिमेकी गाउंपालिकामा रु.१०००।-जिल्ला भित्रका लागी रु.१५००।-प्रदेश भित्र रु. २५००।-र प्रदेश वाहिर रु.३०००।-दररेट निर्धारण गरेकोमा उठाएको नगदी रसिदमा पालिका भित्र छिमेकी गाउंपालिकाको कती जिल्लाभित्र प्रदेश भित्र र प्रदेश वाहिर कतिले निकासी इजाजत लिएकोहो सोको अभिलेख राख्ने गरेको देखिएन।जस्ले गर्दा उठाएको वास्तविक आम्दानी यकिन गर्ने आधार भएन।अत अभिलेख व्यवस्थापन चुस्त दुरुस्त र पारदर्शि रुपमा राख्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८९ **प्रति विद्यार्थि लागतः**

कार्यक्रम कार्यान्वयन कार्यविधी, ०८१।८२ को क्रियाकलाप नं.२.७.१३.५१ मा विद्यालयबाट भरिएको EMIS प्रतिवेदनको आधारमा विद्यार्थी संख्या यकिन गरी स्थानिय तहले रकम विद्यालयको खातामा निकासा दिने उल्लेख छ । पालिकाले सो अनुसार वालविकासको लागि प्रति विद्यार्थी रु.५००।-, कक्षा १-५ सम्मको रु.१५०।-, ६-१० को रु.२००।-र उ.मा. को लागि रु.२५०।-का दरले सम्पूर्ण विद्यालयको लागि रकम निकासा दिनुपर्ने देखिन्छ । तर पालिकाले सो रकम कार्यविधीको उदेश्य विपरीत गो.भौ.१२९।०८२।३।१६ बाट रु.३७,७,०००।-पालिकाको स्वयंसेवक शिक्षकको तलव भत्तामा खर्च गरेको छ । अतः पालिकाको आन्तरिक वजेटबाट खर्च हुने उक्त रकम संघीय शशर्त वजेटबाट खर्च गरेकोले बढी खर्च रकम संघिय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने, रु.

प्रमाण पेश नगरेको	३,७७,०००

९० **सेनिटरी प्याड खरीदः**

९०.१ सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को अनुसूची-१ मा सेनिटरी प्याडको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाईको हुनुपर्ने उल्लेख छ भने कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ मा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी अनुसार खरीद गरी वितरण गर्नुपर्ने उल्लेख छ । तर पालीकाले लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माधयमबाट तिन फर्म मध्ये कम कवोल जनाई सृजना एण्ड स्मृती फेन्सि स्टोरबाट प्रति प्याकेट रु.६५।-का दरले ३००० प्रति २९०mmको खरीद गरी गो.भौ.१७६।०८२।३।२५ बाट रु.१९५०००।-भुक्तानी गरेको छ । यसरी पालिकाले कार्यविधीले तोकेको साईजमा खरीद नगरी ठूलो साईजमा खरीद गर्दा सम्वन्धित लाभग्राहीहरू उपभोगबाट वञ्चित हुनुपर्ने अवस्था देखिन्छ । पालिकाले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधीले तोकेको स्पेशिफिकेशन अनुसार खरीद नगर्दा कानूनको पालना गरेको नदेखिएकोले यस्तो खरीद रकम नियमसम्मत देखिएन, रु.

अनियमित भएको	१,९५,०००

९०.२ पालिकाले नियमावली तथा कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१।८२ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरीद गरेको उल्लेखित ३००० सेनिटरी प्याड जिन्सी खातामा आम्दानी जनाएको तथा बर्षान्तमा विद्यालयलाई बुझाएको जनाएकोमा सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला

छ, छैन सोको प्रमाण पेश भएको छैन । बार्षिक रूपमा विनियिजित रकम सोहि आर्थिक बर्षको लागि हुनेमा पालिकाले बर्षान्तमा सामान खरीद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी समयमा नै खरीद तथा व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **विद्यालयको अनुगमनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **औषधी खरीदः**

९२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकामा यसबर्ष औषधी खरिदमा रु.११,३२,०००।-वजेट विनियोजन भएकोमा औषधी खरिदको लागि बार्षिक औषधी खपतको परिमाणको आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा सोको आधारमा खरिद विधिको अवलम्वन गर्नुपर्ने देखिएकोमा पालिकाको बार्षिक खपतको पूर्वानुमान गरेको छैन । पालिकाले ११० आईटम औषधी दरभाउपत्रको माध्यमबाट २०८१।९।१ को खरिद समितिको निर्णय अनुसार राधाकृष्ण फार्मेसिबाट दरभाउपत्रको माध्यमबाट खरीद गरी ढुवानी सहित गो.भौ.३४।०८१।९।२ बाट रु.१०,४४,०००।-भुक्तानी दिएको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

सैद्धान्तिक बेरुजु

९२.२ पालिकाले उल्लेखित फर्मसँग दरभाउपत्रको माध्यमबाट सम्झौता गरि खरिद गरेकोमा सो औषधी पालिकासम्म ढुवानी हुनुपर्ने देखिन्छ । तर पालिकाले सो खरिद औषधी ढुवानी गरेको जनाई पुनः धन बहादुर धानुकलाई गो.भौ.३४।०८१।९।२ बाट रु.९८,३२८।-भुक्तानी दिएको छ । यसरी सम्झौता भन्दा वढी रकम सम्वन्धित फर्मबाट असूल हुनुपर्दछ, रु.

असुल गर्नुपर्ने	९८,३२८

९२.३ ख) यस सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम पाइयो:-

• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित

विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधी भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखी सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधी निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधी खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधीको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शी र प्रतिस्पर्धी हुन नसकेको ।

• स्टोरमा औषधी भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषधी रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधीहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधी खरिद गरेको कुनै पनि विलमा औषधीको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधी सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरुको जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९३ **सशर्त चालुबाट पालिका निजी शिक्षकको तलव खर्चः**

कार्यक्रम कार्यान्वयन कार्यविधी, ०८१।८२ को क्रियाकलाप नं.१.१.३.४ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा प्रकाशित विवरणअनुसार यकिन भएको दरबन्दीलाई "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६” अनुसार मिलान/व्यवस्थापन अद्यावधिक

गर्ने कार्य आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र सम्पन्न गर्ने उल्लेख छ। यसरी कायम भएका विद्यालयगत/विषयगत दरबन्दी, शिक्षक अनुदान कोटा (राहतसमेत), प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको कर्मचारीको विवरण प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने र सोका आधारमा विद्यालयबाट मासिक रूपमा माग फाराम रूजु गरी स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि तलबभत्ता अनुदान मासिक रुपमा उपलब्ध गराउने गरी विद्यालयमा अनुदान निकासा उपलब्ध गराउने उल्लेख छ । पालिकाले यसबर्ष आधारभूत र माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि शशर्त वजेटबाट तलब भत्तामा खर्च गरेकोमा पालिकाले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ति गरेको विद्यालयका निजि शिक्षकहरूको लागि समेत सशर्त चालु शिर्षकको गो.भौ.१३०।०८२।३।१६ बाट दिवाखाजा लगायतको खर्च शिर्षकमा वचत रकमबाट रु.२९,७०,०००।-खर्च गरेको छ । यसरी पालिकाले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने शिक्षकको तलव भत्ता संघीय सशर्त वजेटबाट खर्च गर्दा संघीय वजेटमा व्ययभार बढ्न गएको पाईएकोले सो रकम संघीय संचितकोष खातामा फिर्ता हुनुपर्दछ, रु.

प्रमाण पेश नगरेको	२९,७०,०००

अनुगमन लेखापरीक्षण

९४ अनुगमन तथा संपरीक्षण

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.९९६४४१२७।-रहेकोमा फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन।

(ख) अध्यावधिक बेरुजुको अवस्थाः यस **साईपाल गाउँपालिका, बझाङ** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजु (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B)	यो वर्ष कायम बेरुजु(C)	सम्परीक्षणबाट कायम बेरुजु(D)	अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D)
१	९९६४४१२७	०	४१७०८६९०.१	०	१४१३५२८१७.१

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : साईपाल गाउँपालिका, बझाङ , बझाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राधाकृष्ण जोशी	२०७५-१२-१९	२०८१-१०-२५
कार्यालय प्रमुख	जयराज जोशि	२०८१-११-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	पवन प्रकाश भट्टराई	२०७६-९-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,२०१,३४२	१२,३३२,८६९	२८,१७४,४७९.१	०	०	०
				जम्मा बेरुजु रकम	४१,७०८,६९०.१
				लेखापरीक्षणको क्रममा असुली रु	११२,७७५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१८८४३०१२.१६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१६३४६६५४२.५	चालु खर्च	१४१२५०३०४.८
प्रदेश सरकारबाट अनुदान	३०८४९२०३	पूँजीगत खर्च	११००१८४४६
राजश्व बाँडफाँट	५०५६१८७१.७६	वित्तीय/अन्य व्यवस्था	७७०९०७०.०
आन्तरिक आय	८९८३६०.०		
अन्य आय	५५४३८१४.८३		
कुल आय	२५१३१९७९२.०९	कुल खर्च	२५८९७७८२०.८
बाँकी मौज्दात		१११८४९८३.४५	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	चालु खर्च	पानी, बिजुली तथा सञ्चार महसुल इन्धन खर्च तलब भत्ता खर्च
२	पुँजिगत खर्च	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने। खरिद सम्झौता योग्यता, प्याकेजिङ्ग र बोलपत्र सम्बन्धी प्रक्रियाको पालना स्थिति
३	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा भत्ता वितरण
४	आन्तरिक आय	राजस्व तथा आन्तरिक आय
५	स्वास्थ्य, पशु र कृषि	स्वास्थ्यतर्फ कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम शिक्षा तर्फ
६	धरौटी	धरौटी
७	अन्य विषयहरु	अन्य विषयहरू

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

आ.व. : २०८१/८२					
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	५,००,८३,६०३.३९	५,००,८३,६०३.३९	४,६३,६१,२६८.०९	४,६३,६१,२६८.०९
१३०००	अनुदान	१५,१५,०५,३५६.१०	१५,१५,०५,३५६.१०	१४,९१,२७,८४८.२०	१४,९१,२७,८४८.२०
१४०००	अन्य राजस्व	१२,७३,१२८.३७	१२,७३,१२८.३७	१०,६५,७७२.६४	१०,६५,७७२.६४
क	**कुल जम्मा प्राप्ति**	२०,२८,६२,०८७.८६	२०,२८,६२,०८७.८६	१९,६५,५४,८८८.९३	१९,६५,५४,८८८.९३
३	चालु	१२,७७,३०,०३८.३४	१२,७७,३०,०३८.३४	१२,२६,१५,०८९.३८	१२,२६,१५,०८९.३८
२१०००	पारिश्रमिक / सुविधा	६,६१,५४,५५४.३४	६,६१,५४,५५४.३४	६,२४,२५,९२२.३८	६,२४,२५,९२२.३८
२२०००	मालसामान तथा सेवाको उपयोग	३,६५,४९,६१९.००	३,६५,४९,६१९.००	३,९८,५५,०७४.००	३,९८,५५,०७४.००
२५०००	सहायता (Subsidy)	८७,२१,३१५.००	८७,२१,३१५.००	८४,०९,९७१.००	८४,०९,९७१.००
२६०००	अनुदान	०	०	१३,१२,६५०.००	१३,१२,६५०.००
२७०००	सामाजिक सुरक्षा	१,४४,३४,५५०.००	१,४४,३४,५५०.००	९१,११,४७२.००	९१,११,४७२.००
२८०००	अन्य खर्च	१८,७०,०००.००	१८,७०,०००.००	१५,००,०००.००	१५,००,०००.००
४	पूंजीगत	८,०७,२८,३२३.००	८,०७,२८,३२३.००	८,०१,७९,१५६.००	८,०१,७९,१५६.००
३१११०	भवन तथा संरचना	१,१९,६४,२४३.००	१,१९,६४,२४३.००	१,७६,७७,०२४.००	१,७६,७७,०२४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३४,७६,०००.००	३४,७६,०००.००	२२,२०,६३७.००	२२,२०,६३७.००
३११३०	अन्य पूँजीगत खर्च	९८,३९,१९२.००	९८,३९,१९२.००	७१,२१,३५७.००	७१,२१,३५७.००
३११५०	सार्वजनिक निर्माण	५,५४,४८,८८८.००	५,५४,४८,८८८.००	५,२८,७६,९२३.००	५,२८,७६,९२३.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	०	०	२,८३,२१५.००	२,८३,२१५.००
ख)	**कुल जम्मा भुक्तानी**	२०,८४,५८,३६१.३४	२०,८४,५८,३६१.३४	२०,२७,९४,२४५.३८	२०,२७,९४,२४५.३८
ग)	**बचत /कमी**	(५५,९६,२७३.४८)	(५५,९६,२७३.४८)	(६२,३९,३५६.४५)	(६२,३९,३५६.४५)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दात**	(२६,४१,२८५.००)	(२६,४१,२८५.००)	३०,२०,४१७.००	३०,२०,४१७.००

घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**				
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात**	(८२,३७,५५८.४८)	(८२,३७,५५८.४८)	(३२,१८,९३९.४५)	(३२,१८,९३९.४५)
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१,८८,४३,०१२.१६	१,८८,४३,०१२.१६	२,१९,९३,३५८.५३	२,१९,९३,३५८.५३
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात**	१,०६,०५,४५३.६८	१,०६,०५,४५३.६८	१,८७,७४,४१९.०८	१,८७,७४,४१९.०८

सि.नं	**आयतर्फ**			**सि.नं**	**व्ययतर्फ**	
	विवरण	**रकम**			**विवरण**	**रकम**
१	सामाजिक सुरक्षा भत्ता वितरण	१०७७६८६०		१	सामाजिक सुरक्षा भत्ता वितरण	१०७७६८६०
२	एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	२२३०१०००		२	एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम	२२३०१०००
३	उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रम	६९८९१२३		३	उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक स्वरोजगार कार्यक्रम	६९८९१२३
४	घरेलु तथा साना उद्योग प्रवर्धन	२००००००		४	घरेलु तथा साना उद्योग प्रवर्धन	२००००००
जम्मा		**४२०६६९८३**			**जम्मा**	**४२०६६९८३**